www.souryaonline.com

# सौर्य दैनिक

शनिवासरीय **बिसौनी** मानसिक स्वास्थ्य विशेष

वर्ष १५ अंक २३३ शनिबार, २४ असोज २०८३ | SOURYA NATIONAL DAILY | Satruday, 10 October 2026 | पृष्ठ : ६ मूल्य रु. ५

# तीव्र गतिमा बढ्दै मानसिक समस्या

केशव भट्ट




बदलिँदो विश्व परिवेशसँगै विश्वभर विभिन्न प्रकारका मानसिक समस्या पनि तीव्र गतिमा बढ्दै गएका छन् । प्रविधिमा भएको ऐतिहासिक परिवर्तन तथा अन्य कारणहरू (माहामारी, प्रकोप तथा राजनीतिक परिवर्तन, आर्थिक मन्दी)ले बालबालिकादेखि वृद्धवृद्धासम्ममा मानसिक समस्या बढ्दै गएको हो ।
विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार विश्वव्यापी रूपमा हरेक वर्ष डिप्रेसन, चिन्ता र अन्य मानसिक रोगबाट करिब १ अर्ब मानिस प्रभावित हुन्छन् । मानसिक समस्यामध्ये सबैभन्दा धेरै देखिने समस्या डिप्रेसन हो, जुन हरेक वर्ष करिब ३० करोडभन्दा बढी मानिसमा देखिन्छ । डब्लुएचओका अनुसार प्रत्येक वर्ष मानसिक समस्यासँग जोडिएका करिब ८ लाख मानिसले आत्महत्या गर्छन् ।

मानसिक समस्या धेरैजसो निम्न तथा मध्यम आय भएका देशहरूमा बढी देखिने अध्ययनहरूले देखाएका छन् । त्यस्ता देशहरूमा मानसिक रोग भएका ७०-८० प्रतिशत मानिसहरू आवश्यक उपचार र मनोपरामर्श सेवाबाट वञ्चित रहेको डब्लुएचओको प्रतिवेदनमा उल्लेख छ ।

पछिल्लो समय विश्वभर फैलिएको कोभिड-१९ को महामारीपछि मानसिक रोगको अवस्था झन् भयावह बनेको बताइन्छ । विभिन्न तथ्यांकले कोभिड माहामारी पछि चिन्ता र डिप्रेसनको दर उल्लेखनीय रूपमा बढेको देखाएका छन् । त्यस्तै, बेरोजगारी, महँगी, मध्यपूर्वको द्वन्द्वले पनि धेरै मानिसमा मानसिक समस्या ल्याएको बताइन्छ ।

आधुनिक प्रविधिको अनियन्त्रित प्रयोगले बालबालिकाहरूमा इन्टरनेट कुलतको समस्या बढ्दै गएको छ । आत्महत्याको दरमा हरेक वर्ष वृद्धी भइरहेको छ । रोजगारीका लागि विदेशिएका नागरिकहरूको मानसिक स्वास्थ्यमा उल्लेखनीय समस्या रहेको र मृत्युको प्रमुख कारणमा आत्महत्या पर्ने गरेको छ ।

अध्ययनका लागि विदेशमा रहेका नेपाली विद्यार्थीहरूमा आत्महत्याका घटना बढ्दै गएको, जोखिमपूर्ण व्यवहारमा संलग्न रहेको तथा मानसिक स्वास्थ्य समस्या पनि बढेको सरकारी तथ्यांक छ ।

### नेपालमा मानसिक समस्या

नेपाल खुसी रहने मानिसहरूको संख्या धेरै प्रतिशत भएको देश मध्येमा पर्दछ । विश्व खुसी सूचकांक प्रतिवेदन २०२६ अनुसार नेपाल विश्वभर ९९औँ स्थानमा र दक्षिण एसियामा अग्र स्थानमा रहेको छ । खुसी सूचकांकमा अगाडि हुनु भनेको मानसिक समस्या कम हुने भन्ने बुझिन्छ । यति हुँदाहुँदै पनि विश्व परिवेश जस्तै नेपालमा पनि मासिक समस्या पनि तीव्ररूपमा बढ्दो छ ।

१० वर्षे सशस्त्र द्वन्द्व त्यसपछिको राजनीति अस्थिरता, २०७२ सालको भूकम्प, कोभिड माहामारी, जेनजी आन्दोलन, भोटेकोसी नदीमा आएको हिमबाढी जस्ता कारणले नेपालमा मानसिक स्वास्थ्यमा असर परेको मनोविद्हरू बताउँछन् । त्यस्तै, मनोविद्हरूका अनुसार मध्यपूर्वमा भएको युद्धले रेमिट्यान्स प्रभावित पार्ने र वैदेशिक रोजगारी प्रभावित हुने चिन्ता, बेरोजगारी समस्या, प्रविधिको तीव्र विस्तार र असीमित चाहानाले गर्दा पनि नेपालीहरूमा मानसिक समस्या दिनानुदिन बढ्दै छ ।

राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्को २०७७ को सर्वेक्षणअनुसार १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीहरूमा मानसिक स्वास्थ्य समस्या देखिएको थियो । जसमा २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसनको समस्या पाइएको थियो ।

सर्वेक्षणका क्रममा १८ वर्षमाथिका १० प्रतिशत व्यक्तिहरूमा मानसिक स्वास्थ्य समस्या देखिएको थियो । पुरुषहरूको तुलनामा महिलाहरूमा मानसिक स्वास्थ्य समस्या बढी देखिने गरेको उक्त सर्वेक्षणले देखाएको थियो ।

त्यसैगरी राष्ट्रिय जनसांख्यिक सर्वेक्षण २०७९ अनुसार प्रत्येक १० जना पुरुषमध्ये १ जना र प्रत्येक ५ जना महिलामध्ये १ जनामा मानसिक स्वास्थ्य समस्या देखिएको थियो ।

युनिसेफका अनुसार नेपालको पछिल्लो राष्ट्रिय तथ्यांकअनुसार १३ देखि १९ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीमा मानसिक स्वास्थ्य समस्याहरूबाट गुज्रिरहेको छन्, भने १८.३ प्रतिशत बालबालिका (६-१८ वर्ष) ले भावनात्मक वा व्यावहारिक कठिनाइहरूको सामना गरिरहेका छन् ।

### मानसिक समस्यामा सरकार कति गम्भीर ?

सन् १९६१ मा काठमाडौँस्थित वीर अस्पतालमा पहिलो मनोरोग ओपिडी सेवा सुरु भएसँगै नेपालमा मानसिक स्वास्थ्य सेवाको इतिहास तथा विकासक्रम सुरु भएको हो । सन् १९८४ मा वीर अस्पतालको मनोरोग इनपेसन्ट तथा आउटपेसन्ट विभागलाई लगनखेलमा सारिएको थियो । जसलाई मानसिक अस्पतालको नाम दिइएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले सन् १९८६ मा मनोरोग बाह्य सेवा सुरु गऱ्यो ।

न्यूनतम मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउन नेपालले आफ्नो पहिलो राष्ट्रिय मानसिक स्वास्थ्य नीति ल्याएको थियो । त्यसपश्चात जनस्वास्थ्य सेवा ऐन २०७५ मार्फत सरकारले मानसिक स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवाको रूपमा समावेश गरेको छ । सरकारले पछिल्लो राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०२०-२०२५ को कार्यान्वयन ल्याएका थियो ।

प्रायः सबै खालका मानसिक स्वास्थ्य समस्याको उपचार र पुनःस्थापना गर्न सकिने पर्याप्त वैज्ञानिक आधारहरू उपलब्ध भए तापनि सोही अनुसारको कार्यक्रममा व्यापकताल्याई मानसिक स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउन सकेको छैन । मासिक समस्याको गति र सरकारले गरेका प्रयासहरूको गति आकास पातालको फरक रहेकोले हाल रहेकै संरचनाले हालको समस्यालाई सम्बोधन गर्ने अवस्था नरहेको सरकारका अधिकारीहरू बताउँछन् । सेवाग्राही र सेवाप्रदायकको अनुपात एकदमै उच्च रहेको छ जसका कारणले मानसिक स्वास्थ्य सेवाको आवश्यकता र उपलब्धताको अन्तर ठुलो रहेको सरकारी निकायहरू निरीह देखिएका छन् ।

### सर्वोच्चको परमादेश नै पूर्ण कार्यान्वयनमा जान सकेन

मानसिक स्वास्थ्य सेवाको सुनिश्चिततासम्बन्धी विषयमा विभिन्न मन्त्रालयलाई विपक्षी बनाई कोसिस नेपाल नामक गैरसरकारी संस्थाले दायर गरेको रिटमा २०८१ मंसिर १७ मा सर्वोच्च अदालतले परमादेश जारी गरेको थियो ।

परमादेशमा मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्याको सम्बोधन, राज्यका तर्फबाट हुने सम्पूर्ण कार्यको सहजीकरण तथा संयोजन गर्न सर्वोच्च अदालतले दिएको परमादेश कार्यान्वयन नहुँदा मानसिक स्वास्थ्य अझै ओझेलमा परेको कोसिसतर्फकी अधिवक्ता शर्मिला पराजुली बताउँछिन् ।

अधिवक्ता पराजुलीका अनुसार अदालतको परमादेश र निर्देशनात्मक आदेशअनुसार राष्ट्रिय मानसिक स्वास्थ्य नीति २०५३ लाई संशोधन गरी सरकारका सबै तहमा आवश्यक संयन्त्र स्थापना गर्न भनिएको छ । साथै, १२ बुँदे निर्देशनात्मक आदेश पनि जारी भएको थियो ।

हाल स्वास्थ्य मन्त्रालय र महामारी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) मिलेर राष्ट्रिय मानसिक स्वास्थ्य नीति तथा मानसिक स्वास्थ्य ऐन निर्माणको प्रक्रिया अगाडि बढाएका छन् । तर, संयन्त्र स्थापना र निर्देशनात्मक आदेशहरूको कार्यान्वयनका सम्बन्धमा अहिलेसम्म कुनै प्रगति भएको जानकारी आएको छैन ।

मानसिक स्वास्थ्य ऐन वा नीति बनाउँदा अदालतले संयन्त्र स्थापना र निर्देशनात्मक आदेशबारे दिएका निर्देशनहरूलाई सोही ऐनभित्रै समावेश गरिनुपर्नेमा उनले जोड दिइन् ।

त्यस्तै, बाल मनोविद् र मानसिक स्वास्थ्य विशेषज्ञ पदमराज जोशीले विगतमा राज्य र सम्बन्धित निकायहरूले नीतिगत तथा कार्यान्वयनका तहमा समयमै ध्यान नदिँदा मानसिक स्वास्थ्यका क्षेत्रमा थुप्रै विकृति र अव्यावहारिक अभ्यासहरू देखा परेको बताउँछन् ।



● **पदमराज जोशी**, *बाल मनोविद् तथा मानसिक स्वास्थ्य विशेषज्ञ*

> सशस्त्र द्वन्द्व, भूकम्प, नाकाबन्दी, कोरोना महामारी र बाढी-पहिरोजस्ता प्राकृतिक विपत्तिका कारण गहिरो मानसिक नेपाली समाज गुज्रिरहेको छ । यसले समाजमा निराशा बढाएको छ र पछिल्लो १० वर्षमा डिप्रेसनका कारण करिब ८७ हजार मानिसले ज्यान गुमाएका छन् ।

जोशीले नेपालमा मानसिक स्वास्थ्यको अवस्था विगतको तुलनामा झन् विकराल बन्दै गएको बताए । उनका अनुसार २०५३ सालदेखि नीति निर्माणको काम सुरु भई २०७७ सालमा रणनीतिक योजना बने पनि मानसिक स्वास्थ्य नीतिलाई आधुनिक र नयाँ स्वरूप दिन सकिएको छैन ।

सौर्य दैनिकसँग कुरा गर्दै जोशीले भने, 'सशस्त्र द्वन्द्व, भूकम्प, नाकाबन्दी, कोरोना महामारी र बाढी-पहिरोजस्ता प्राकृतिक विपत्तिका कारण गहिरो मानसिक नेपाली समाज गुज्रिरहेको छ । यसले समाजमा निराशा बढाएको छ र पछिल्लो १० वर्षमा डिप्रेसनका कारण करिब ८७ हजार मानिसले ज्यान गुमाएका छन् ।'

जोशीले त्रिभुवन विश्वविद्यालयले वार्षिक ३०० भन्दा बढी काउन्सिलिङ र क्लिनिकल साइकोलोजिस्ट उत्पादन गरे पनि राज्यस्तरमा उपयुक्त संगठनात्मक संरचना र नियमनकारी निकाय नहुँदा दक्ष जनशक्तिको सही उपयोग हुन नसकेको बताए ।

इन्टरनेट र सोसल मिडियाको बढ्दो प्रयोग, शिक्षित अभिभावकहरूको अदूरदर्शी व्यवहारका कारण बालबालिकाहरूमा मोबाइल र इन्टरनेट कुलत तीव्र रूपमा बढेको छ । अभिभावकहरूले बालबालिकालाई फकाउन वा अल्झाउन तत्कालका लागि मोबाइल दिने गरे तापनि यसले दीर्घकालीन असर पारिरहेको छ । बालबालिका र कडा लागूऔषध प्रयोगकर्ताहरूलाई एउटै ठाउँमा राखेर काउन्सिलिङ गराउनेजस्ता गम्भीर गल्तीहरू पनि भइरहेको पाइन्छ । समयमै यस्ता समस्या नियन्त्रण नगरे आगामी ५-७ वर्षमा समस्या भयावह बन्ने जोखिम रहेको जोशीको भनाइ छ ।

मनोविद् जोशीका अनुसार नयाँ पुस्तामा धैर्य घट्दै जानु र उनीहरूमा भौतिक-पारिवारिक 'ह्युमन कनेक्सन'को कमी हुनु पछिल्लो समयको प्रमुख समस्या बनेको छ । मानिसहरू आफ्ना भावना प्रत्यक्ष व्यक्त गर्नुको सट्टा सामाजिक सञ्जालमा पोस्ट गर्न थालेका छन् । यो प्रवृत्ति बालबालिकाबाट अभिभावकहरूसम्म सरेको छ, जहाँ एउटै घरमा बस्दा पनि मेसेन्जरबाट कुराकानी गर्ने वा खाना खाने टेबलमा मोबाइल चलाउने परिपाटी बढेको छ ।

जोशीले मानसिक स्वास्थ्य समस्या बढाउन भूमिका खेल्ने सामाजिक सञ्जालका नकारात्मक र निराशाजनक सामाग्रीहरूलाई कडाइका साथ नियमन गर्नुपर्ने उनको सुझाव छ । समुदायमा आधारित मानसिक स्वास्थ्यलाई प्रवर्द्धन गर्न सरकारले ढिला गर्न नहुने उनले सुझाव दिए ।

विशेषज्ञ प्रशिक्षकको अभाव हुनु, तालिम लिएका स्वास्थ्यकर्मीको बारम्बार सरुवा हुनु, क्लिनिकल सुपरभिजन तथा पुनर्ताजगी तालिमको अभाव हुनु, स्वास्थ्य व्यवस्थापकहरूलाई अभुमुखीकरण नहुनु, औषधिको नियमित आपूर्ति नहुनु, विशेषज्ञ सेवाका लागि प्रेषणको भरपर्दो संयन्त्रको व्यवस्था नहुनु जस्ता कारणले मानसिक स्वास्थ्य सेवा समुदायमा स्थापित हुन नसकेको बताइन्छ ।

अधिकांश मानसिक समस्याहरूको सुरुआत २४ वर्षभन्दा कम उमेरमा नै हुने तथ्यांकले देखाए पनि सरकारले बालबालिका र किशोरकिशोरीलाई लक्षित गरेर कार्यक्रमहरू ल्याउन सकेको छैन ।

---

## आज विश्व मानसिक स्वास्थ्य दिवस

सौर्य समाचार

काठमाडौँ । मानसिक स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्ने, मानसिक समस्याबारे समाजमा विद्यमान भ्रम र विभेद हटाउने तथा मानसिक स्वास्थ्य सेवालाई सहज र सुलभ बनाउने उद्देश्यका साथ आज विश्व मानसिक स्वास्थ्य दिवस मनाइँदै छ । हरेक वर्ष १० अक्टोबरमा मनाइने यस दिवसले मानसिक स्वास्थ्यलाई मानव जीवनको अभिन्न पक्षका रूपमा स्वीकार गर्दै यसको संरक्षण र प्रवर्द्धनमा जोड दिँदै आएको छ ।

मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्त्वपूर्ण भए पनि नेपालमा यसप्रति पर्याप्त ध्यान पुग्न सकेको छैन । मानसिक समस्यालाई कमजोरी, व्यक्तिगत असफलता वा सामाजिक प्रतिष्ठासँग जोडेर हेर्ने प्रवृत्तिका कारण धेरै मानिस आफ्ना समस्या खुलेर व्यक्त गर्न र आवश्यक उपचार लिन हिचकिचाउने गरेका छन् । यसले सामान्य तनाव तथा चिन्ताबाट सुरु भएका समस्या पनि जटिल बन्दै जाने जोखिम बढाउँछ ।

विश्व स्वास्थ्य संगठनका अनुसार मानसिक स्वास्थ्य यस्तो अवस्था हो, जसमा व्यक्तिले आफ्नो क्षमता पहिचान गर्न, जीवनका सामान्य तनाव सामना गर्न, उत्पादनशील रूपमा काम गर्न र समुदायमा योगदान दिन सक्छ । मानसिक स्वास्थ्य बिग्रँदा व्यक्तिको सोचाइ, भावना, व्यवहार, सम्बन्ध, अध्ययन तथा काम गर्ने क्षमतामा असर पर्न सक्छ ।

नेपालमा बेरोजगारी, आर्थिक अभाव, पारिवारिक कलह, सामाजिक दबाब, वैदेशिक रोजगारीका कारण परिवारबाट टाढिनुपर्ने अवस्था, प्राकृतिक विपद् र सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक स्वास्थ्यमा चुनौती थपिरहेका छन् । बालबालिका तथा किशोरकिशोरीमा पढाइको दबाब, असफलताको डर, साथीभाइसँगको तुलना र साइबर दुर्व्यवहार पनि चिन्ताका विषय बनेका छन् ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिँदा लामो समयसम्म उदास रहनु, अत्यधिक चिन्ता हुनु, निद्रा र भोकमा परिवर्तन आउनु, पहिले मनपर्ने गतिविधिमा रुचि हराउनु, एकाग्रतामा कठिनाइ हुनु तथा सामाजिक सम्बन्धबाट टाढिन खोज्नुजस्ता लक्षण देखिन सक्छन् । यस्ता लक्षण लामो समयसम्म रहेमा वा दैनिक जीवनमा असर पारेमा स्वास्थ्यकर्मीसँग परामर्श लिनु आवश्यक हुन्छ ।

मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई दोष दिने, कमजोर ठान्ने वा समाजबाट अलग्याउने प्रवृत्तिले समस्या समाधान गर्नुको सट्टा झन् जटिल बनाउन सक्छ । उनीहरूका कुरा ध्यानपूर्वक सुन्ने, भावनालाई सम्मान गर्ने र आवश्यकताअनुसार व्यावसायिक सहयोग लिन प्रोत्साहित गर्ने वातावरण निर्माण गर्नु महत्त्वपूर्ण हुन्छ ।

मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि पर्याप्त निद्रा, नियमित शारीरिक व्यायाम, सन्तुलित आहार, परिवार तथा साथीभाइसँगको संवाद र तनाव व्यवस्थापन उपयोगी हुन्छन् । यद्यपि, यी उपायले मात्रै सबै मानसिक समस्या समाधान नहुन सक्ने भएकाले आवश्यकताअनुसार मनोपरामर्श, मनोचिकित्सा तथा औषधोपचार लिनुपर्छ ।

विश्व मानसिक स्वास्थ्य दिवसले मानसिक स्वास्थ्य समस्या लुकाएर राख्ने विषय नभई समयमै पहिचान, सहयोग र उपचारबाट व्यवस्थापन गर्न सकिने विषय हो भन्ने सन्देश दिन्छ । मानसिक रूपमा स्वस्थ व्यक्ति, सहयोगी परिवार र संवेदनशील समाज निर्माण गर्न सरकार, स्वास्थ्यकर्मी, शैक्षिक संस्था, सञ्चारमाध्यम र समुदाय सबैको भूमिका महत्त्वपूर्ण छ ।

मानसिक स्वास्थ्यको संरक्षण कुनै एकदिनको अभियानमा सीमित हुनु हुँदैन । आफ्नो भावना व्यक्त गर्न सक्ने, समस्यामा परेकालाई सहयोग माग्न र दिन सक्ने तथा मानसिक स्वास्थ्य सेवालाई सहज रूपमा उपयोग गर्न सक्ने वातावरण निर्माण गर्नु नै यस दिवसको प्रमुख सन्देश हो ।

---

## नेपालमा ८० प्रतिशत जनसंख्या उपचार पहुँच बाहिर, हरेक १० जनामा १ जनालाई मानसिक समस्या हुनसक्ने

चमिना भट्टराई

अहिले पनि हाम्रो समाज रोगलाई हेर्ने दृष्टिकोणमा फराकिलो छैन । रोग लुकाउने र रोगलाई हेर्ने सोच निकै साँघुरो छ । अझ केही यस्ता रोग छन्, जो उपचारमा जानै सक्दैनन् । ती मध्ये एक हो, मानसिक स्वास्थ्य । नसर्ने रोगको समूहमा पर्ने मानसिक रोग विश्वभर डरलाग्दो बन्दै गएको विज्ञको अनुभव छ । त्यसैले (आज अक्टोबर १०) लाई विश्व मानसिक स्वास्थ्य दिवशका रूपमा मनाउने गरिएको छ ।

हाम्रो समाज कडा प्रकारका रोग लागेका र अझ मानसिक स्वास्थ्यमा समस्या देखिएकालाई हेयको दृष्टिले हेर्ने गर्छ । कुनै पनि रोग लुकाउनु झन् जटिलतातिर लैजानु हो भन्छन् विज्ञ । मान्छेले मानसिक स्वास्थ्य भन्ने बित्तिकै रोग भन्ने ठान्छन् । मानसिक रूपमा स्वस्थ हुनु भनेको मन र विचार सन्तुलन हुनु हो ।

मान्छेको मन र विचारको सन्तुलन हुनुलाई नै स्वस्थ भनेर बुझिन्छ । यसका साथै मान्छेको व्यवहारमा पनि सन्तुलन हुनुपर्छ । अर्को कुरा मानसिक स्वास्थ्यभित्र पनि धेरै प्रकारका रोग हुन्छन् । मन डराउने, डिप्रेसन (एन्जाइटी) अरू कडा खालका मानसिक रोग पनि हुन सक्छ । सबै मानसिक रोगलाई एउटै भनेर बुझ्न हुँदैन ।

मानसिक स्वास्थ्यलाई स्वास्थ्यको प्रमुख अंग मानिन्छ । जसरी शारीरिक रूपमा स्वस्थ रहन जरुरी छ, त्यसैगरी मानसिक रूपमा पनि स्वस्थ रहनु जरुरी छ । मानसिक स्वास्थ्य समस्या बालबालिकादेखि वृद्धवद्धासम्मकालाई हुन सक्छ । विज्ञका अनुसार मानसिक रोग दुई प्रकारका हुन्छन् । एन्जाइटी र डिप्रेसन लगायतका समस्या सामान्य समस्या हुन् भने जटिल प्रकारका अन्य मानसिक रोग पनि हुन्छन् ।

अहिले पनि रोग लुकाउनेको संख्या धेरै रहेको विज्ञ बताउँछन् । 'मानसिक स्वास्थ्का बारेमा अहिले जेजति काम भएको छ, त्यो २० प्रतिशत मात्रै हो,' मानसिक रोग विशेषज्ञ, डाक्टर सरोज ओझाले भने, 'यसको नियन्त्रण र उपचारका लागि गर्नुपर्ने ८० प्रतिशत काम अझै बाँकी छ ।' यसको पनि उपचार हुन्छ । यो अरू स्वास्थ्य समस्या जस्तै हो भन्ने भावनाको विकास गर्नु जरुरी रहेको उनले बताए ।

नेपालमा मानसिक स्वास्थ्यको समस्या झन् गम्भीर रहेको उनले बताए । समस्या बढ्दै गएपछि उपचार गराउनेको चेतना पनि बढेको उनको अनुभव छ । केही वर्ष पहिलासम्म यसको उपचार गर्ने निकै कम रहेको उनले बताए । 'यो पनि अरू रोग जस्तै हो, उपचार गरे निको हुन्छ भन्ने सोच पूरै विकास भएको त छैन,' उनले भने, 'तर, पहिलाको तुलनामा यसको पनि उपचार हुन्छ, गर्नुपर्छ भन्ने सोचको अलिकति विकास भएको छ ।'



● **डा.सरोज ओझा**

*मानसिक रोग विशेषज्ञ*

> मानसिक स्वास्थ्का बारेमा अहिले जेजति काम भएको छ, त्यो २० प्रतिशत मात्रै हो । यसको नियन्त्रण र उपचारका लागि गर्नुपर्ने ८० प्रतिशत काम अझै बाँकी छ ।

मानसिक स्वास्थ्यको समस्या बढ्दै जाँदा राज्यले यस क्षेत्रमा लगानी बढाएको भए पनि त्यो पर्याप्त नरहेको ओझाले बताए । उनका अनुसार आममानिसमा अझै पनि मानसिक रोगप्रतिको दृष्टिकोण साँघुरो छ । आमजनतामा चेतनाको कमी, राज्यको लगानीमा कमी र जनशक्तिको अभाव रहेको उनले बताए । मानसिक रोगको उपचार अरू रोग जस्तै सहज बनाउनुपर्ने उनले बताए । यसलाई पनि शारीरिक स्वास्थ्यका रूपमा विकास गर्नुपर्ने उनको माग छ । 'अब रोगीको कथा सुन्ने मात्रै होइन, उनीहरूको ज्ञान अनुभव पनि सुन्नुपर्छ,' उनले भने, 'समाजमा रोगीले भोगेको भेदभाव, विभेदलाई बाहिर ल्याएर उनीहरूको भूमिका स्थापित गराउनुपर्छ ।'

हरेक ५ जना मानिसमध्ये १ जना जीवनको कुनै पनि अवस्थामा मानसिक रोगी हुनसक्ने विश्वव्यापी अवस्था रहेको उनले बताए । नेपालको अध्ययनले भने, १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या हुसक्ने देखाएको उनले बताए । तर, मान्छेले लुकाउने र उपचारमा नजाने गर्ने भएकाले यो संख्या अझै बढी हुनसक्ने उनको अनुमान छ । मानसिक स्वास्थ्य समस्या अझै पनि समाजमा लुकेर बसेको अवस्था रहेको उनले सुनाए ।

'मानसिक स्वास्थ्य समस्या भएर पनि उपचारको पहुँचमा पुग्न नसक्नेको संख्या ८० प्रतिशत छ,' उनले भने, 'यसका पछि धेरै कारण छन् । पहिलो समाजिक धारणा । दोस्रो सर्वसुलभ उपचार नहुनु । तेस्रो राज्यले यस रोगलाई गम्भीरताका साथ नलिनु ।' यसलाई साच्चै पहुँचमा पुऱ्याउने हो भने हेल्थपोस्टसम्म उपचारको पहुँच हुनुपर्ने उनको भनाइ छ । सहर र ठुला अस्पतालमा मात्रै पाइने सेवा प्रयाप्त नहुने हुँदा अवस्था विकराल बन्दै गएको डा.ओझाको ठम्याइ छ ।

अहिले पनि हाम्रो समाजमा मानसिक रोग भएकाहरूलाई बाँध्ने, थुन्ने वा कोठामा कैद गर्ने गरेको पाइन्छ । कहीँ कतै त पशुलाई जसरी राखेको कारुणिक दृश्य पनि देखिन्छ । धार्मिक दृष्टिले पापको परिणाम मान्ने पनि उत्तिकै छन् । यो चेतनाको कमीले हो । जबसम्म यसलाई आमरोगका बारेमा बुझ्ने र बुझाउने कार्य गर्न सकिन्न तवसम्म यसले समाजलाई भित्रभित्रै खोक्रो बनाउने देखिन्छ ।

मानसिक रोग पछिल्लो समय हरेक उमेर समूहमा प्रवेश गरेको डाक्टर ओझाको अनुभव छ । रोगको अवस्था र त्यसले पार्ने असर फरक भए पनि सबै उमेरका मानिसमा यो पुगेको उनले बताए । 'कडा खालको मानसिक रोग पुरुषमा देखिने गरेको छ,' उनले भने, 'डिप्रेसन भने महिलामा बढी देखिने गरेको छ ।' यो विश्वभरको अवस्था भएको उनले बताए । यसका लागि समाज र परिवारको भूमिका अझ धेरै रहने उनले बताए ।

नेपालमा मानसिक स्वास्थ्य शिक्षा नभएकाले पनि परिवारको भूमिका महत्त्वपूर्ण हुने ओझाको अनुभव छ । पछिल्लो समय कामको व्यस्तता र तनावले यी समस्या देखिने गरेको विज्ञको अनुभव छ ।

मानसिक रोग दीर्घकालसम्म हुन्छ, कहिल्यै निको हुँदैन भन्ने भ्रम छ । यो धारणा गलत भएकाले विश्वास नगर्न विज्ञको सुझाव छ । मानसिक समस्या भएका मानिस पागल हुन् भन्ने गलत धारणा हाम्रो समाजमा अहिले पनि जीवितै छ । त्यसैले त यस्तो समस्या समयमा नै अस्पताल पुग्न नपाएर झाँगिने गरेको छ । अझ औषधि खायो भने बानी पर्छ, त्यसैले कहिल्यै पनि नखानु भन्ने गरिन्छ, जुन भ्रम मात्रै हो । उपचारका साथै आफन्त र परिवारको सहयोग पनि यस रोगको उपचारमा महत्त्वपूर्ण रहने डा.ओझाको भनाइ छ ।

## मानसिक स्वास्थ्य किन जरुरी छ ?

मानिस स्वस्थ हुन शारीरिक स्वास्थ्य मात्र राम्रो भएर पुग्दैन, मानसिक स्वास्थ्य पनि उत्तिकै राम्रो हुनुपर्छ। शरीरले दैनिक काम गर्न शक्ति दिएजस्तै मानसिक स्वास्थ्यले सोच्न, निर्णय लिन, भावना नियन्त्रण गर्न, समस्या सामना गर्न र अरूसँग राम्रो सम्बन्ध कायम राख्न मद्दत गर्छ। मानसिक स्वास्थ्य राम्रो हुनु भनेको सधैँ खुसी रहनु होइन, दुःख, तनाव, निराशा र कठिन परिस्थितिलाई सामना गर्न सक्ने क्षमता हुनु पनि हो।

**१. मानसिक स्वास्थ्य राम्रो हुनु किन आवश्यक छ ?**

(क) **सही निर्णय लिन**
मानसिक स्वास्थ्य राम्रो हुँदा मानिसले परिस्थितिलाई शान्त भएर बुझ्न, सही-गलत छुट्याउन र आफ्नो जीवनसँग सम्बन्धित निर्णय सोचविचार गरेर लिन सक्छ।

(ख) **सम्बन्ध राम्रो बनाउन**
परिवार, साथीभाइ र सहकर्मीसँग स्वस्थ सम्बन्ध कायम राख्न, अरूको भावना बुझ्न र आफ्नो भावना व्यक्त गर्न मानसिक स्वास्थ्यले महत्त्वपूर्ण भूमिका खेल्छ।

(ग) **काममा ध्यान केन्द्रित गर्न**
मानसिक रूपमा स्वस्थ हुँदा पढाइ, रोजगारी, व्यवसाय तथा दैनिक जिम्मेवारी पूरा गर्न सजिलो हुन्छ। एकाग्रता, स्मरणशक्ति र काम गर्ने प्रेरणामा पनि सकारात्मक प्रभाव पर्न सक्छ।

(घ) **तनाव र समस्याको सामना गर्न**
जीवनमा असफलता, आर्थिक कठिनाइ, पारिवारिक विवाद र अन्य चुनौती आउन सक्छन्। राम्रो मानसिक स्वास्थ्यले यस्ता अवस्थालाई सामना गर्न र समस्याको समाधान खोज्न सहयोग गर्छ।

(ङ) **शारीरिक स्वास्थ्य जोगाउन**
लामो समयसम्म तनावमा रहँदा निद्रा, खानपान र दैनिक बानी प्रभावित हुन सक्छन्। यसले शारीरिक स्वास्थ्यमा समेत असर पार्न सक्छ। त्यसैले शरीर र मन दुवैको हेरचाह आवश्यक छ।

**२. मानसिक स्वास्थ्य ठीक नभए के हुन्छ ?**
मानसिक स्वास्थ्यमा समस्या आउँदा सबै मानिसमा एउटै प्रकारका लक्षण देखिँदैनन्। समस्या कति गम्भीर छ, कति समयदेखि छ र व्यक्तिको परिस्थिति कस्तो छ भन्ने आधारमा यसको प्रभाव फरक हुन सक्छ।

(क) **सोचाइ र एकाग्रतामा समस्या**
एउटै कुराबारे बारम्बार सोचिरहने, सानो निर्णय लिन पनि कठिन हुने, ध्यान केन्द्रित गर्न नसक्ने र बिर्सने समस्या हुन सक्छ।

(ख) **भावना प्रभावित हुने**
अत्यधिक चिन्ता, निराशा, चिडचिडापन, डर, एक्लोपन वा पहिले मन पर्ने काममा रुचि हराउनेजस्ता लक्षण देखिन सक्छन्। केही अवस्थामा डिप्रेसन वा एन्जाइटीजस्ता मानसिक स्वास्थ्यसम्बन्धी समस्या विकसित हुन सक्छन्।

(ग) **निद्रा र खानपान बिग्रने**
निद्रा नलाग्ने वा अत्यधिक सुत्ने, भोक कम लाग्ने वा धेरै खाने, थकान महसुस हुने र शरीरमा ऊर्जा कम भएको अनुभव हुन सक्छ।

(घ) **पारिवारिक र सामाजिक सम्बन्धमा असर**
अरूसँग बोल्न मन नलाग्ने, सानो कुरामा झर्किने, विवाद बढ्ने वा समाजबाट टाढिन खोज्ने अवस्था आउन सक्छ।

(ङ) **पढाइ, काम र आर्थिक जीवनमा असर**
काममा गल्ती बढ्ने, उत्पादकत्व घट्ने, पढाइमा ध्यान नजाने, जिम्मेवारी पूरा गर्न कठिन हुने र काम वा व्यवसायमा समस्या आउन सक्छ।

(च) **शारीरिक समस्यासमेत देखिन सक्ने**
तनावसँग सम्बन्धित टाउको दुःखाइ, मांसपेशी कसिने, थकान र पेटसम्बन्धी असहजता अनुभव हुन सक्छ। तर यस्ता लक्षणका अन्य शारीरिक कारण पनि हुन सक्छन्।

**महत्त्वपूर्ण कुरा** : मानसिक स्वास्थ्य बिग्रनु भनेको व्यक्ति कमजोर हुनु वा उसको इच्छाशक्ति कमजोर हुनु होइन। मानसिक स्वास्थ्यसम्बन्धी समस्या जोकोहीलाई हुन सक्छ र उचित सहयोग, परामर्श तथा आवश्यक उपचारबाट सुधार सम्भव छ।

**३. मानसिक स्वास्थ्य राम्रो राख्न के गर्ने ?**
- नियमित निद्रा लिनुहोस्। सकेसम्म निश्चित समयमा सुत्ने र उठ्ने बानी बसाल्नुहोस्।
- शारीरिक गतिविधि बढाउनुहोस्। नियमित हिँड्ने, व्यायाम गर्ने र खुला वातावरणमा समय बिताउने गर्नुहोस्।
- मनको कुरा बाँड्नुहोस्। विश्वासिलो परिवारका सदस्य, साथी वा आवश्यक परे मनोपरामर्शदातासँग कुरा गर्नुहोस्।
- काम र आरामबीच सन्तुलन राख्नुहोस्। निरन्तर काम गर्ने, आफूलाई अरूसँग तुलना गर्ने र सबै कुरा पूर्ण हुनुपर्छ भन्ने दबाब कम गर्नुहोस्।
- आवश्यक परे विशेषज्ञको सहयोग लिनुहोस्। चिन्ता, निराशा वा निद्रासम्बन्धी समस्या लामो समयसम्म रह्यो र दैनिक जीवन प्रभावित भयो भने मनोचिकित्सक वा मनोपरामर्शदातासँग परामर्श लिनुहोस्।

**४. कहिले विशेष ध्यान दिनुपर्छ ?**
यदि कुनै व्यक्तिमा लामो समयसम्म निराशा रहने, जीवनप्रति आशा हराउने, सामाजिक सम्पर्कबाट टाढिने वा दैनिक काम गर्न नसक्ने अवस्था देखिन्छ भने त्यसलाई बेवास्ता गर्नु हुँदैन। आफूलाई हानि पुऱ्याउने वा आत्महत्यासम्बन्धी विचार आएमा एक्लै नबस्ने, विश्वासिलो व्यक्तिलाई बताउने र तत्काल स्वास्थ्यकर्मी वा नजिकको अस्पतालको सहायता लिने गर्नुपर्छ।

**निष्कर्ष,**
मानसिक स्वास्थ्य राम्रो हुनु भनेको मन खुसी राख्नु मात्र होइन, जीवनका कठिनाइ सामना गर्न, सोचविचार गरेर निर्णय लिन, सम्बन्ध जोगाउन र स्वस्थ जीवन बिताउन सक्ने आधार तयार गर्नु हो। मानसिक स्वास्थ्यमा समस्या आउँदा व्यक्तिको सोचाइ, भावना, व्यवहार, शारीरिक स्वास्थ्य र सामाजिक जीवन सबै प्रभावित हुन सक्छन्। त्यसैले मानसिक स्वास्थ्यलाई शारीरिक स्वास्थ्यजत्तिकै महत्त्व दिनुपर्छ।

मानसिक स्वास्थ्यबारे कुरा गर्नु, समस्या स्वीकार गर्नु र आवश्यक सहयोग लिनु कमजोरी होइन; यो आफ्नो जीवन र स्वास्थ्यप्रतिको जिम्मेवारी हो।

# मानसिक स्वास्थ्य उपचारमा पाटन हस्पिटलकै भर

दीपेन्द्र सापकोटा






नेपालमा मानसिक रोगीको संख्या कम्तीमा ३९ लाख रहेको पाइरहेको छ। यो कुल जनसंख्याको १३.५ प्रतिशत हो। डिप्रेसन (अवसाद), एन्जाइटी (अत्यधिक चिन्ता), बाइपोलर डिसअर्डर, सिजोफ्रेनिया तथा अन्य साइकोटिक विकार, मदिरा तथा अन्य पदार्थको अत्यधिक प्रयोगसम्बन्धी विकार, बालबालिका तथा किशोर-किशोरीमा व्यवहार र भावनासम्बन्धी विकारलगायत छन्। यीमध्ये डिप्रेसन र एन्जाइटीका बिरामी अत्यधिक रहेको पाइएको छ।

अधिकांश मानसिक बिरामीको उपचार धानेको अस्पताल ललितपुरको लगनखेलस्थित मानसिक अस्पताल हो। जो पाटन हस्पिटलका नामले चिनिएको छ। २ सिफ्टमा जनरल ओपिडीको व्यवस्था छ। अनलाइन टिकटको पनि व्यवस्था गरिएको छ। यहाँको ओपिडीमा दैनिक करिब १५० देखि ३०० जना बिरामीले उपचार गराइरहेका छन्। भर्ना भएर उपचार गर्ने गम्भीर प्रकृतिका बिरामीको दैनिक संख्या भने फरक पर्ने गरेको छ।

पाटन हस्पिटल मानसिक रोगको 'स्पेसलाइजेन' देशकै एक मात्रै सरकारी अस्पताल हो। त्यसैले यहाँ बिरामीको चाप हुने गरेको छ। हुन त मानसिक रोगसम्बन्धी उपचार त्रिवि शिक्षण अस्पताल, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगै प्रत्येक मेडिकल कलेजदेखि लिएर हरेक प्रादेशिक अस्पतालमा हुने गरेको छ। यस्तै, ४ वटा निजी अस्पताल पनि छन्। तर, चर्चामा भने पाटन हस्पिटल नै छ। तर मानसिक अस्पताल यही मात्रै हो भन्ने परेकाले अस्पतालमा बिरामीको चाप बढ्ने गरेको पाटन हस्पिटलका निर्देशक (प्रमुख कन्सल्टेन्ट साइक्याट्रिस्ट) डा.सुरज तिवारी बताउँछन्। यो अस्पताल २०४२ सालमा स्थापना भएको हो। पुरानो अस्पताल भएकाले पनि यसप्रति जनताको भरोसा बढेको उनको भनाइ छ।

'मानसिक रोगको उपचार टिचिङ, वीर, अर्को पाटन अस्पताल, धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगै प्रत्येक मेडिकल कलेजदेखि लिएर हरेक प्रादेशिक अस्पतालमा समेत भइरहेको छ। तर सर्वसाधारणमा भने मानसिक अस्पताल यही मात्रै हो भन्ने परेकाले हाम्रोमा चाप बढ्दे गरेको छ,' सौर्य दैनिकसँग कुरा गर्दै उनले भने, 'साथै यो सबैभन्दा बढी पुरानो भएकोले पनि यसप्रति बिरामीको भरोसा बढेको होला ! हामी पनि फुल्ली डेडिकेटेड छौँ। अन्य अनुसन्धान र प्रविधि थप्नुपर्ने अवस्था भने छ।'

पाटन हस्पिटलको क्षमता ५० बेडको हो। तर बिरामीको चापका कारण ७० वटा बेड सञ्चालन गरिरहेको निर्देशक डा.तिवारीले जानकारी दिए। अस्पतालले १८ वर्ष मुनिको पुस्तालाई ध्यानमा राखेर किशोर-किशोरी मानसिक स्वास्थ्य इकाइ सञ्चालनमा ल्याएको छ। 'उहाँहरूलाई मनोचिकित्सकसँगै मनोविद्बाट पनि परामर्श दिने गरिएको छ। यस्तै, मनोचिकित्सक बन्नका लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छ,' उनले थपे, 'अस्पतालले महिनामा एकपटक नुवाकोट, दोलखालगायत जिल्ला गएरसमेत सेवा दिइरहेको छ। मानसिक समस्याका कारण निम्तिन सक्ने आत्महत्या कमी गर्नका लागि हेल्पलाइनको व्यवस्था गरिएको छ। ११६६ मा फोन गरेर परामर्श लिन सकिने छ।'

अस्पतालको सेवा विस्तारका लागि नयाँ भवन निर्माणको प्रक्रिया अघि बढेको उनले बताए। यो भवन बनेपछि र अन्य स्वास्थ्य संस्थामा मानसिक उपचार वृद्धि भएमा चाप कम हुने निर्देशक डा. तिवारीको विश्वास छ। नेपालमा ४ वटा निजी मानसिक अस्पताल छन्। जसमा काठमाडौँको मीनभवनस्थित रिदम न्युरोसाइकियाट्री हस्पिटल एन्ड रिसर्च सेन्टर, तिलगंगास्थित आत्मन हस्पिटल एन्ड हिलिङ सेन्टर, ललितपुरको खुमलटारस्थित ट्रान्सक्युलिटी हस्पिटल तथा रिसर्च सेन्टर, बालकुमारीस्थित पुनर्जीवन हस्पिटल हुन्। यी अस्पतालमा भने पाटन हस्पिटलको तुलनामा बिरामीको चाप कमै हुने गरेको पाइएको छ।

यीमध्ये पुनर्जीवन अस्पतालको ओपिडी शनिबारबाहेक हप्ताको ६ दिन खुला हुन्छ। दैनिक ३०-३५ जना बिरामी आउने गरेका छन्। अस्पतालमै भर्ना भएर उपचार गर्ने बिरामीको संख्या ८-९ देखि १३-१४ जनासम्म हुने गरेको छ। यो संख्या सरकारीको तुलनामा निकै कम हो। आफ्नोमा रक्सी र लागुऔषधको लत लागेर मानसिक रोगी भएका, डिप्रेसन र सुसाइड एटेम्ट गरेका र हिस्टेरिया भएका बिरामी बढी आउने गरेको मनोचिकित्क डा.सुदर्शननरसिंह प्रधानले बताए। उनका अनुसार उनीहरूलाई काउन्सिलिङदेखि इलेक्ट्रिक थेरापीसम्म दिने गरिएको छ।

कतिपय मानसिक रोग लागेका सडक मानव भएकादेखि प्रहरीको सहारा लिएर मात्र उपचारमा ल्याउन सकिनेसम्मका बिरामी पनि आउने गरेको उनले सुनाए। '३० वर्ष भयो मानसिक क्षेत्रमा काम गर्न थालेको, यो अवधिमा अनेक किसिमका बिरामी हेर्नुपऱ्यो। तीमध्ये कोही प्रहरीको सहयोगमा मात्र अस्पताल ल्याउन सकिने पनि थिए। तर १ जना बच्चा बोकेकी महिलालाई कुनै मनकारीले सडकबाट उद्धार गरेर ल्याएको घटना भने स्मरणीय छ। ती महिला निको भएपछि आफ्नो घर यहाँको हो, पतिको नाम यो हो भनिन्। अनि घर पठाइयो। यो घटना सम्झिँदा भावुक बनिन्छ,' सौर्य दैनिकसँग कुरा गर्दै उनले भने।

पहिले-पहिले नेपालका मानसिक रोगीलाई उपचारका लागि भारतको राँची लाने गरिएको थियो। अब नेपालमै प्रशस्त अस्पताल भएकोले त्यहाँ लानुपर्ने अवस्था नरहेको डा. प्रधान बताउँछन्। 'पहिले पाटन हस्पिटलमा ३० बेड र टिचिङमा १२ बेडमा उपचार सीमित थियो। अहिले ७७ वटै जिल्लामा मेडिकल कलेज छन्। त्यहाँ मानसिक विभाग अनिवार्य छ। सरकारदेखि निजी सबैमा उपचारको प्रबन्ध छ। पहिलेजस्तो बिरामीलाई राँची लाने अवस्था छैन,' उनले भने।

नेपालमा स्पेसलाइजेसन भएका मानसिक अस्पताल ५ वटा मध्ये सबै काठमाडौँकेन्द्रित रहेको पाइएको छ। यसैलाई मध्यनजर गर्दै अहिले पालिकास्तरमै मानसिक स्वास्थ्यको उपचार हुन थालेको सरकारी दाबी छ। पालिकादेखि जिल्ला अस्पतालसम्म मानसिक परामर्शदाता मनोचिकित्सकको व्यवस्था गरिएको स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयका सहप्रवक्ता समिरकुमार अधिकारीले बताए। पाटन, टिचिङ, वीरलगायत ठुला अस्पतालमा मानसिक उपचार भइरहेको भए पनि सेवाग्राहीको संख्या धेरै भएकाले क्षमता बढाउनुपर्ने अवस्था आएको उनको भनाइ छ।

'सेवाग्राहीको संख्या धेरै भएकाले क्षमता बढाउनुपर्ने अवस्था आएको छ। यसैले सरकारले पालिकास्तरबाटै सेवाप्रवाहको योजना ल्याएको हो,' सौर्य दैनिकसँग कुरा गर्दै उनले भने। मानसिक स्वास्थ्यबारे पहिलेको तुलनामा मानिसहरू असल खुल्न थालेको पाटन हस्पिटलका निर्देशक डा.सुरज तिवारीको अनुभव छ। 'मानसिक रोगीलाई प्रायः परिवार र प्रहरीले लिएर आउने गरेका छन्। पहिलो अलि भेदभाव हुने गरेको थियो। अहिले कम भएको पाइएको छ। यसले गर्दा बिरामी आफैँ खुल्न थालेका छन्,' उनी भन्छन्।

मनोचिकित्क डा.सुदर्शननरसिंह प्रधान पनि मानसिक पहिलेको तुलनामा मानसिक रोगीमा सजगता आएको बताउँछन्। तर पहिचानमा हुने कठिनाइले उपचारमा ढिलाइ हुने गरेको उनको अनुभव छ। 'लक्षण पेट दुख्नेदेखि लिएर अन्य शारीरिक कठिनाइसमेत हुने गरेकाले बिरामीहरू अल्मलिने गरेका छन्। यसले गर्दा बिरामी उपचार गर्नका लागि सही ठाउँमा नजाने गरेको अवस्था छ। फेरि अरू डाक्टरले पनि मानसिक अस्पतालमा पठाउन इन्टेन्सनली नै नपठाउने गरेकाले उपचारमा ढिलाइ हुने गरेको छ,' उनी भन्छन्।

> पाटन हस्पिटल मानसिक रोगको 'स्पेसलाइजेन' देशकै एक मात्रै सरकारी अस्पताल हो। त्यसैले यहाँ बिरामीको चाप हुने गरेको छ। हुन त मानसिक रोगसम्बन्धी उपचार त्रिवि शिक्षण अस्पताल, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगै प्रत्येक मेडिकल कलेजदेखि लिएर हरेक प्रादेशिक अस्पतालमा हुने गरेको छ। यस्तै, ४ वटा निजी अस्पताल पनि छन्।


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

**कर्जा भुक्तानीको लागि जमानतकर्ताहरूको नाममा प्रकाशित ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८३/०६/२४ गतेको सौर्य राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट विभिन्न कर्जा शीर्षक अन्तर्गत कर्जा लिई कारोबार गर्दै आउनु भएका तपसिल बमोजिमको ऋणीले लिएको कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य दै(दस्तुर समेतको रकम बारम्बार लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा समेत तिर्न बुझाउन बेवास्ता गरी डेभलपमेन्ट बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन भएको हुदाँ तथा डेभलपमेन्ट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपसिलमा उल्लेखित कर्जाका व्यक्तिगत धनजमानीकर्ताहरु तथा अंशियारहरुले डेभलपमेन्ट बैंकलाई तिर्नु बुझाउनु पर्ने बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जना सहित अन्य दै-दस्तुर सहितको बाँकी लेना रकम चुक्ता भुक्तान गर्नु हुन र गराउनु हुन अनुरोध छ। उक्त अवधि भित्र कर्जा चुक्ता र भुक्तानी नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली २०५९ र प्रचलित ऐन कानून एवम् नियमानुसार कानूनी प्रक्रिया अगाडि बढाई डेभलपमेन्ट बैंकको लेना रकम ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुको अन्य चल र अचल सम्पत्तिबाट असुल उपर गरिने छ। साथै नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन बमोजिम तपाई व्यक्तिगत धनजमानीकर्ताको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत यसै सुचना मार्फत गराइन्छ ।

**तपसिल**

| क्र.सं | जमानतकर्ताको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | ना.प्र.नं./जारी मिति/कार्यालय | सम्वन्धित ऋणी |
|---|---|---|---|---|---|---|
| १ | **गणेश देव पन्त** | शिवदेव पन्त | यक देव पन्त | चोकचिसापानी-०५, तनहुँ हाल : भानु -१०, तनहुँ | ना.प्र.नं.: १२७ जारी मिति : २०४२/०४/१४ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ | **विमला कुमारी जोशी** ठेगाना : चिति-०६, लमजुङ ना.प्र.नं : ६८४९ जारी मिति : २०४४/१२/२५ जारी गर्ने कार्यालयः जि.प्र.का., लमजुङ **कर्जा लिएको शाखाः डुम्रे, तनहुँ** |
| | **ममिना मिया** | उस्मान मिया/ लुरे मिया | अमरदीन मिया /सम्सुदिन मिया | बसन्तपुर -०४, तनहुँ हाल : भानु -१०, तनहुँ | ना.प्र.नं.: ०१८-९६८८८ जारी मिति : २०६३/०९/१० जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ | |
| | **राजनकुमार श्रेष्ठ भन्ने राजेन्द्र प्रधान** | वेदनारायण श्रेष्ठ | दत्तराम श्रेष्ठ | चोकचिसापानी-०६, तनहुँ हाल : भानु -१०, तनहुँ | ना.प्र.नं.: ४३१४२३ जारी मिति : २०३९/०३/१५ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ | |



Authorised Importer
**DUGAR BROTHERS & SONS PVT.LTD.**
Balaju, Kathmandu
mahindra Rise

**MRP Rates**

| सि.नं. | माल वस्तुको विवरण/मोडल | आकार/प्रकार | ब्राण्ड | उत्पत्तिको मुलुक/राष्ट्र | क्षमता | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MAHINDRA SUPRO PROFITTRUCK MINI VX | PICK UP | Mahindra | INDIA | 909 | 1 | 2,215,000.00 | 2,215,000.00 |
| 2 | MAHINDRA SUPRO PROFITTRUCK MAXI LX | PICK UP | Mahindra | INDIA | 909 | 1 | 2,352,000.00 | 2,352,000.00 |
| 3 | MAHINDRA SUPRO PROFITTRUCK MAXI VX | PICK UP | Mahindra | INDIA | 909 | 1 | 2,500,000.00 | 2,500,000.00 |
| 4 | LOADKING 6T 2.5LTR MINI TRUCK - HALF BODY (BS-VI) | PICK UP | Mahindra | INDIA | 2500 | 1 | 3,460,000.00 | 3,635,000.00 |
| 5 | LOADKING 6T 2.5LTR MINI TIPPER CBC (BS-VI) | PICK UP | Mahindra | INDIA | 2500 | 1 | 3,445,000.00 | 3,620,000.00 |

**Distributor's Name: Dugar Brothers & Sons Pvt. Ltd.** **PAN: 603508929**
**Address: Balaju, Kathmandu.** **Tel: 9802748575 | sudip.s@mvdugar.com**



**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**

**नदीजन्य पदार्थको बिक्रीका लागी बोलपत्र आव्हान सम्वन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मिति २०८३।०६।२४)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा ६, सोही ऐनको परिच्छेद ३ को दफा ६४ को उपदफा १(च) र भागेश्वर गाँउपालिकाको आर्थिक ऐन, २०८३ को दफा ११ को व्यवस्था अनुसार यस गाँउपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्रि गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गतबर्षको कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र फारम दस्तुर बापतको बैक भौचर साथ निवेदन पेश गरी उल्लेखित शर्तहरुको अधिनमा रहि सिलबन्दि दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बिस्तृत सूचना वा जानकारीको लागि गाउँपालिकाको वेभसाइट **www.bhageshwormun.gov.np** हेर्नुहुन अनुरोध छ।



**रतुवामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिजुवा, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**स्कुल भेन खरिद कार्यको लागि (Hardcopy ) बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२४**

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट यस नगरपालिकालाई प्राप्त वित्तीय हस्तान्तरण तर्फको श्री संस्कृत आधारभुत विद्यालय लाई सवारीसाधन स्कुल भेन थान १ (एक) खरिद गर्ने कार्य बोलपत्र माध्यमबाट गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्म तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सूचना नं. | विवरण | परिमाण | लागत अनुमान रकम (रु.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खरिद खोल्ने मिति | बोल पत्र पेश गर्ने माध्यम |
|---|---|---|---|---|---|---|---|---|---|
| Rmun/vehicle/01/2083/84 | स्कुल भेन (Minimum 9 seat) | थान१(एक) | २५,००,०००/- | ६२५०० | ३००० | २०८३।०७।१३ कार्यालय समय भित्र | २०८३।०७।१४ दिनको ठीक १२:०० बजे सम्म | २०८३।०७।१४ दिनको ठीक २:०० बजे सम्म | Hard-Copy |

**थप विवरणः** यस सम्बन्धी विस्तृत सूचना, बोलपत्र फारम तथा थप जानकारीका लागि www.ratuwamaimun.gov.np मा हेर्न सकिनेछ।
**नोट :** बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको भोलिपल्ट खोलिनेछ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# झलनाथमाथि कारबाही प्रक्रिया थाल्दै नेकपा




**विक्रम रत्न**

काठमाडौँ । गत सोमबार 'समाजवादी जागरण अभियान' को घोषणा गरेका नेपाली कम्युनिस्ट पार्टीका नेता झलनाथ खनालाई पार्टीले स्पष्टीकरण सोध्ने तयारी गरेको छ ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय पेसिसडाँडाँमा बसेको केन्द्रीय कार्य संयोजन समितिको बैठकमा नेता खनालले सुरु गरेको अभियानको सम्बन्धमा छलफल गर्दै पार्टीको आगामी बैठकबाट स्पष्टीकरण सोध्ने तयारी गरेको हो ।

पार्टीको शीर्ष नेता हुँदाहुँदै बाह्य मोर्चाको संयोजक बनेको भन्दै नेताहरूले खनालको भूमिकाप्रति असन्तुष्टि जनाएपछि उनलाई यस विषयमा औपचारिक रूपमा स्पष्टीकरण सोध्ने सहमति बनेको नेताहरूले बताएका छन् ।

खनाल शुक्रबारको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा अनुपस्थित थिए । नेताहरूले उनको अनुपस्थितिको सम्बन्धमा संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई प्रश्न गरेका थिए । प्रचण्डले स्वास्थ्यको कारण नआएको जानकारी दिएका भन्दै आफूसँगको भेटमा पार्टी नछोडेको बताएको बैठकमा जानकारी गराएका थिए ।

तर, नेताहरूले पार्टीको नेताहरूले यसरी आ-आफ्नो अभियान चाल्दै जाने र पार्टीले कुनै कारबाही प्रक्रिया अगाडि नबढाउने हो भने स्वेच्छाचारिता हुने भन्दै खनालको व्यवहारप्रति असन्तुष्टि जनाएका थिए । त्यसपछि संयोजक प्रचण्डले खनाललाई स्पष्टीकरण सोध्नु परे पनि हतार नहुने भन्दै थामथुम पार्ने प्रयास गरेका बैठकमा सहभागी नेताहरूले बताएका छन् ।

खनाललाई समाजवादी जागरण अभियान गठन गरेको विषयमा नेकपाले स्पष्टीकरण सोध्ने नेकपाका एक नेताले जानकारी दिए । 'कि पार्टी छोड्नुपर्‍यो कि अभियान छोड्नुपर्‍यो भनेर नेताहरूले कुरा उठाउनुभएको छ । उहाँलाई केही समयपछि पार्टीले स्पष्टीकरण सोधेर उहाँबारे बाँकी निर्णय लिन्छ,' ती नेताले भने ।

**७ कात्तिकदेखि 'राष्ट्रिय जागरण अभियान' सुरु गरिने, ११ पुसमा वडा र १५ माघमा पालिका अधिवेशन गरिने**

नेकपाले कात्तिक र मंसिर महिनामा 'राष्ट्रिय जागरण अभिया( न' सञ्चालन गर्ने निर्णय यसअघि नै गरेको थियो । यो बैठकले अभियानको उद्घाटन ७ कात्तिकमा केन्द्रीय कार्यालय पेरिसडाँडाँमा गर्ने निर्णय गरेको छ । अभियानमा पार्टीको राष्ट्रिय महाधिवेशन, स्थानीय तह र प्रदेशसभाको निर्वाचन तथा सरकारले गरेका जनविरोधी क्रियाकलापका विरुद्ध आन्दोलनको तयारीको रूपमा सञ्चालन गरिने नेकपाका प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए ।

अभियानको क्रममा पार्टी समितिहरू र जनवर्गीय तथा मोर्चा संगठनहरूको समायोजनको बाँकी काम सम्पन्न गर्ने जनाइएको छ । त्यसैगरी, संगठित सदस्यता नवीकरण तथा विस्तार अभियान तीव्र रूपमा सञ्चालन गर्ने, पार्टीका बैठक भेला, प्रशिक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने, जनता र पार्टीबीचको सम्बन्धलाई प्रगाढ बनाउन जनता केन्द्रित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने बताइएको छ ।

नेकपाले पार्टीको केन्द्रीय समिति, केन्द्रीय कार्य समिति र केन्द्रीय सचिवालयका बैठकहरू आगामी मंसिर महिनाको अन्तिम साता बोलाउने पनि निर्णय गरेको छ । नेकपाले महाधिवेशनको प्रक्रिया अगाडि बढाएको छ । महाधिवेशनको मिति आगामी केन्द्रीय कमिटी बैठकले तय गर्ने तयारी गरेको नेकपाले आगामी ११ पुसमा वडा अधिवेशन र १५ माघमा एकैदिन देशभरका पालिका अधिवेशनहरू गर्ने निर्णय गरेको प्रवक्ता ज्वालाले जानकारी दिए ।

# कांग्रेसको १५ औं महाधिवेशन : मतदान सम्पन्न



**सौर्य समाचार**

काठमाडौँ । नेपाली कांग्रेसको जारी महाधिवेशनमा शुक्रबार मतदान भएको छ । बिहान ८:३० बजेदेखि सुरु भएको मतदान राति १० बजे सकिएको छ । सुरुमा दिउँसो ३ बजे मतदानको अन्तिम समय तोकिए पनि मतपत्रको आकार ठूलो हुँदा ठूलो संख्यामा मतद( ाताले मतदान गर्न नपाउने अवस्था आयो । त्यसपछि मतदानको समय बढाएर ५ बजे पुर्‍याइए पनि मतदाता लाइनमैं रहेका हुनाले फेरि ७ बजेसम्म सारियो । ७ बजे पनि नसकिएपछि लम्ब्याइएको मतदान राति १० बजे सकिएको हो ।

मतपत्र लामो भएका कारण एक जना मतदातालाई मतदान गर्न करिब आधा घण्टा भन्दा बढी समय लागेको थियो ।

महाधिवेशनमा सभापतिसहित १८ पदाधिकारीका लागि ७१ र २१० केन्द्रीय सदस्यका लागि ७४१ जना गरी जम्मा ८१२ उम्मेदवार रहेका छन् । वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला सभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित भएपनि सभापति बाहेकका पदहरुमा भने कडा प्रतिस्पर्धा देखिएको कांग्रेस नेताहरुले बताएका छन् ।

**गुट नबनाउन सभापति थापाको निर्देशन विपरित बाँडियो चिट**

सभापति गगन थापाले पार्टीमा गुट खारेज भएको घोषणा गर्दै मतदानमा कुनै पनि प्रकारको चिट नबाँड्न निर्देशन दिएका थिए । तर, मतदानका क्रममा मतदाताहरुलाई अनेक प्रकारको चिट बाँडेको पाइएको छ । मतदाताहरुका अनुसार उपसभापति, महामन्त्री र सहमहामन्त्रीको पददेखि केन्द्रीय सदस्यहरुसम्म आ-आफ्नो भुगोल र क्षेत्रअनुसार नेताहरुले चिट बाँडेको पाइएको हो । खासगरी ह्वाट्सएपमार्फत् प्रतिस्पर्धी उम्मेदवारहरुको नाम कटाएर आफु अनुकूलका नेताको नाम विभिन्न समूह तथा उपसमूहमा फरवार्ड गरिएको थियो । गुट, उपगुट नदेखिएपनि भित्री रुपमा समूहैपिच्छे भएको सर्कुलरले चुनावी नतिजालाई रोचक बनाउने कांग्रेसभित्र विश्लेषण भएको छ ।

निर्वाचन सम्पन्न भएसँगै सभापतिको भने मतगणना सुरु गरिएको छ । निर्वाचन सम्पन्न भएसँगै नेपाल विद्यार्थी संघ र नेपाल तरुण दलले निर्वाचन स्थलमा भएको फोहोर सफा गर्न सुरु गरेका छन् ।

नेपाली कांग्रेसको १५ औं महाधिवेशनमा ७,०३९ जना महाधिवेशन प्रतिनिधिले मतदान गरेका थिए । कुल मतदाता भने ७,३१७ थिए ।

# विद्यार्थी बोकेको बस दुर्घटना, ५ जनाको मृत्यु

**सौर्य समाचार**

काठमाडौँ । शुक्रबार एकाविहानै पोखराको ओख्लेभिरमा विद्यार्थी बोकेको बस दुर्घटना हुँदा ५ जनाले ज्यान गुमाए, भने १४ जना घाइते भएका छन् । पोखराको माझठानाबाट विद्यार्थी बोकेर कालिकास्थानतर्फ आउँदै गरेको कालिका इंग्लिस बोर्डिङ स्कुलको ग२ख १४१७ नम्बरको बस पोखरा महानगरपालिका-२८ ओख्लेभिरमा सडकबाट २०० मिटर तल खसेको हो ।

दुर्घटनामा मृत्यु हुनेहरूमा पोखरा-२८ माझठानाका कक्षा १० मा अध्ययनरत १४ वर्षीया रुमिका नेपाली र १४ वर्षीया सुवेच्छा तिवारी, अन्दाजी १३ वर्षीया ममता तिवारी, अन्दाजी १४ वर्षका अशिम कँडेल तथा उपचारका लागि बसमा लिफ्ट मागेर आएका ६५ वर्षीय बाबुराम तिवारी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डिएसपी) वीरेन्द्रकुमार पासवानका अनुसार दुर्घटनाको जानकारी पाउनासाथ खटिएको सुरक्षा टोलीले घटनास्थलबाट १९ जना उद्धार गरेको थियो । जसमा ५ जनाको मृत्यु भइसकेको थियो, १४ जनाको गणडकी मेडिकल कलेज र पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ ।

घाइतेहरूमध्ये १ जनाको आइसियूमा उपचार भइरहेको छ, भने बाँकीको अवस्था मध्यम रहेको छ । डिएसपी पासवानले दुर्घटनाको कारण खुल्न बाँकी रहेको बताए । उनले भने, 'गाडीको मेकानिकल जाँच, चालक र घाइतेहरूसँगको सोधपुछ पछि मात्र यकिन कारण खुल्छ । चालक आन्तरिक चोटको कारण बोल्ने अवस्था नभएकोले कारण सोधपुछ गर्न सकिएको छैन् ।'

**५ सदस्यीय छानबिन समिति गठन**

उक्त बस दुर्घटनाको छानविन गर्न पोखरा महानगरपालिकाले ५ सदस्यीय छानबिन समिति गठन गरेको छ । वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीको संयोजकत्वमा गठित समितिका सदस्यमा मेकानिकल इन्जिनियर सरोज चालिसे, महानगर शिक्षा समिति सदस्य डोलराज पाण्डे, नगर प्रहरी निरीक्षक पुरुषोत्तम थापा र ट्राफिक सहायक निरीक्षक अमृत भट्टराई रहेका छन् ।

दुर्घटनाको कारण पहिचान गर्न, घटनासँग सम्बन्धित विषयको विस्तृत अध्ययन, छानबिन र आगामी दिनमा यस्ता दुर्घटना दोहोरिन नदिन आवश्यक सुधारका उपायसहित सुझाव पेस गर्न समिति गठन गरिएको महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताए ।

समितिलाई दुर्घटनाको कारण तथा घटनासँग सम्बन्धित विषयमा विस्तृत अध्ययन र छानबिन गरी ५ दिनभित्र सत्यतथ्यसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । समितिले विद्यालयका सवारीसाधनको सुरक्षा अवस्था, विद्यार्थीको सुरक्षित आवागमन तथा आगामी दिनमा अपनाउनुपर्ने सावधानीका विषयमा आवश्यक सुझावसमेत प्रस्तुत गर्ने छ ।

विद्यार्थीको सुरक्षा सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्दै उनले विद्यालयका सवारीसाधनको नियमित जाँच, निर्धारित सुरक्षा मापदण्डको कडाइका साथ पालना तथा प्रभावकारी अनुगमन गर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराएका छन् ।

# जहाँ कर्मचारीलाई दसैं भत्ता दिइन्न, उल्टै लिइन्छ

**हस्त चौलागाईं**

कालीकोट । निजी क्षेत्रले पनि कर्मचारी र कामदारलाई दसैं भत्ता दिनुपर्ने कानुनी व्यवस्था छ । कानुनले रोजगारदाताहरूलाई १ महिनाको तलब बराबरको भत्ता दिनुपर्ने बाध्यात्मक व्यवस्था नै गरेको छ ।

तर, कालिकोटको एउटा निजी विद्यालयमा ठिक उल्टो चलन छ - १२ महिना हाजिर, तर तलब भने ११ महिनाको मात्रै ! त्यहाँ कार्यरत शिक्षक र कर्मचारीले १ महिनाको तलब छोड्नुपर्छ, त्यो पनि दसैंतिहारकै बेला ।

वर्षभरि विद्यालयमा अध्यापन गराउने शिक्षकले दसैंभत्तासहित १३ महिनाको तलब पाउनुपर्नेमा दसैंभत्ताको कुरै छोडौं उल्टै १ महिनाको तलबसमेत छोड्नुपर्छ, कालीकोट सदरमुकाम मान्ममा रहेको लोटस विकास एकेडेमीमा ।

विद्यालयमा १२ महिनाकै हाजिर लगाइने भए पनि दशैं-तिहारको बिदा पर्ने १ महिनाको तलब नपाउने गरेको सो विद्यालयमा कार्यरत शिक्षकले भनाइ छ ।

अझ रोचक पक्ष त के छ भने, बिदाको समयमा विद्यार्थीबाट भने १ महिनाको शुल्कसमेत लिने गरिएको छ । विद्यालय सञ्चालन तथा व्यवस्थापन, कर्मचारीको तलब तथा अन्य प्रशासनिक खर्च आवश्यक पर्छन् । तर, विद्यालयको आर्थिक व्यवस्थापनकै नाममा शिक्षकले आफ्नो १ महिनाको पारिश्रमिक विद्यालयलाई दिनुपर्छ ।

लोटस विकास एकेडेमीमा कार्यरत शिक्षक पार्वती मल्ल भन्छिन्, 'हामीले ११ महिनाको तलब पाउँछौं तर विद्यार्थीबाट दसैंतिहारको १ महिना बिदाको शुल्क लिन्छौं ।' कि विद्यार्थीबाट शुल्क नलिनुपर्ने लिए तलब दिनुपर्ने मल्लको भनाइ छ ।

विद्यालयका प्रधानाध्यापक सन्तोष पौडेलले भने कार्यालय व्यवस्थापन गर्न कठिनाइ भएकाले शिक्षकलाई ११ महिनाको मात्रै तलब भत्ता दिने गरिएको स्वीकार गरेका छन् ।

यता, केही निजी विद्यालयले भने शिक्षकको कार्यदक्षता, क्षमता र कार्यअवधिका आधारमा १२ महिनाकै तलबसहित थप सुविधा उपलब्ध गराउँदै आएका छन् ।

कालीकोटमै रहेको कर्णाली हर्ट इंग्लिस बोर्डिङ स्कुलमा समेत दसैं-तिहारको १ महिनाको तलब भत्ता नपाएको शिक्षकहरूले गुनासो गर्दै आएका छन् ।

लोटस विकास एकेडेमीका निवर्तमान शिक्षक खुमबहादुर शाही अहिले कर्णाली हर्ट बोर्डिङमा कार्यरत छन् । उनले लोटस विकास एकेडेमीमा कार्यरत रहँदा आफूले ११ महिनाको तलब खाने र १२ महिनाको हाजिर लगाउने गरेको बताउँछन् । अहिले पनि उनी १२ महिनाको हाजिर लगाएर ११ महिनाको मात्रै तलब पाउने अवस्था रहेको बताउँछन् ।

कर्णालीका विभिन्न जिल्लामा सञ्चालित निजी विद्यालयहरूमा शिक्षकलाई दिइने तलब तथा सेवा सुविधामा एकरूपता नरहेको देखिन्छ । कतिपय विद्यालयले १२ महिनाकै तलब र अन्य सुविधा उपलब्ध गराउँदा कतिपयले ११ महिनाको मात्रै तलब दिने गरेको शिक्षकहरूको गुनासो छ ।

यस विषयमा शिक्षा विकास तथा समन्वय इकाई, कालीकोटसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन ।


**थाहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ईन्द्रायणी चौर, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०२ गतेको नेपाल समाचारपत्र दैनिक**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२४**

आ.व. २०८२/०८३ मा दहत्तर बहत्तरको ठेक्काबाट शुन्य हुन नसकेको नदीजन्य पदार्थको मौज्दात बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्ने थाहा नगर कार्यपालिकाको मिति २०८३/०६/०१ गतेको बैठकबाट निर्णय भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र बोलपत्र खरीद गरी (सो दिन सार्वजनिक विदा पर्न गएमा बिदाको भोलिपल्ट) १६औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | लिलाम बिक्रिको परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम रू. (भ्याट सहित) | धरौटी रकम रू. | बोलपत्र फारम दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १. | २/२०८३/०८४ | पालुङ क्षेत्रको नदीजन्य पदार्थको लिलाम बिक्रि | ४,१६,८८०.८६ | ३२,९७,५२७।६० (बत्तिस लाख सन्तानब्बे हजार पाँच सय सत्ताइस रुपैँया साठ्ठी पैसा) | कबोल अंकको ५% | ३,०००।०० |

**शर्तहरू :**

१) बोलपत्र सम्बन्धी कागजातः लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको सम्पूर्ण विषय लागु हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

१) बोलपत्रसाथ आफुले कबोल गरेको रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक, पालुङ शाखामा रहेको धरौटी खाता नं. ०५०८४०११५५७३८०३० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

२) बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ । साथै बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

३) खरीद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताहरुले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

४) एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक दर्ता हुन आएका बोलपत्र सम्बन्धी कागजातहरु १६ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस थाहा नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

६) लिलाम बिक्रीको सम्झौता बमोजमको रकम एकमुष्ट कार्यालयमा नगद वा चेक पेश गर्नुपर्नेछ ।

७) तोकिएको म्यादभित्र सामान उठाइ नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.thahamun.gov.np मा समेत हेर्न सकिनेछ ।)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति:२०८३/०६/२३**

यस थाहा नगरपालिकाको मिति २०८३/०६/०२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएको बोलपत्रको अधिकतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले थाहा नगरपालिकाको आन्तरिक आय सङ्कलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ (१) बमोजिम बोलपत्रदाता एवं सबै सरोकारवालाहरुका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू. (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | १/२०८३/०८४ | आग्रा क्षेत्रको नदीजन्य पदार्थको लिलाम बिक्री | जिम्मल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., धादिङ्ग | रु. ७१,२०,४३६।- (एकहत्तर लाख बीस हजार चार सय छत्तीस रुपैँया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# विजयादशमीको सन्देश र कांग्रेसको १५औं महाधिवेशन



रामचन्द्र शर्मा
(अधिवक्ता शर्मा अध्यात्म र राजनीतिबारे कलम चलाउँछन् )

> आफ्नो दुःखको मूल कारणको उपचार गर्नु धर्म हो । अहंकार नै दुःखको कारण हो । किनभने भगवत्गीताले षड्रिपु भनेर औँल्याएका मानिसका ६ शत्रु काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य वाहक अहंकार हो । अहंकारको नाश भएपछि ती शत्रु मित्रमा परिणत हुन्छन् र जीवन गलत मार्गमा चलेको संकेत दिएर सही मार्गमा फर्किन सघाउँछन् ।

भगवान् रामले अहंकारी राक्षस रावणमाथि विजय प्राप्त गरेको र देवीले दानवी असुर शक्तिलाई परास्त गरेको प्रतीकको रूपमा मनाइने विजयादशमी पर्व नेपालीहरूको महान चाड हो । विजय (जित) र दशमी (१०औं तिथि) दुई शब्द मिलेर बनेको विजयादशमीको अर्थ स्वयंमा प्रष्ट छ । भगवान् रामले सत्यको र रावणले अहंकारको प्रतिनिधित्व गर्छन् ।

मनको दायरामा आउने शरीर, मन चित्तदेखि बाहिर देखिने सबै संसार अर्थात् सारा प्रकृति देवी हुन् भन्छन् आचार्य प्रशान्त । प्रकृति बोधदायिनी छन् । सत्यसम्म पुग्ने सिँढी वा द्वार हो प्रकृति । सिक्नु जीवनसँग छ । जीवन देख्नु भनेको प्रकृति देख्नु हो । सिकाउने पनि प्रकृति हो जसलाई माता भनिन्छ । प्रकृतिले नै जन्म, मृत्यु र मुक्ति दिन्छ । हाम्रो शरीरको एक-एक कोषिकामा प्रकृति छ । देवीको एक नाम नै कौशिकी छ । प्रकृति समयचक्रकी पनि माता हुन् । माता एक छवि होइन समुच्च ब्रह्माण्ड हो । त्यसैले 'या देवी सर्वभूतेषु बुद्धि, शक्ति, शान्ति तृष्णा, क्षान्ति, लज्जा, श्रद्धा ... रुपेण संस्थिता' भनेर सबै रूपमा देवीको स्तुति गरिन्छ । देवीसँग दुई तरहको सम्बन्ध हुन्छ । प्रकृतिलाई बोधको दृष्टिले हेरेमा मुक्तिदायिनीको सम्बन्ध बन्छ र महामाताको रूपमा संरक्षण गर्छिन् । कामना र भोगको दृष्टिले हेरेमा महामायाको सम्बन्ध बनेर विनास पनि गर्छिन् भन्ने तर्क गर्छन् आचार्य प्रशान्त ।

पारस्परिक सद्भाव, भाइचारा र एकताका लागि भावनात्मक शुद्धता कायम गर्न सन्देश दिने विजयादशमी पर्वको सामाजिक महत्त्व ठुलो छ । भोटेकोसीमा अप्रत्यासित आएको बाढीले हजारौं जनको ज्यान लिएको, बेपत्ता पारेको र खर्बौंको सम्पत्ति क्षति पुगेको विपद्को आलो घाउमा मल्हम लगाउँदै भविष्यमा आइपर्ने विपद् टार्नमा बेलैमा सजग रहनुपर्ने सन्देश पनि दिन्छ विजयादशमीले ।

विजयादशमी पर्वको सम्मुखमा नेपाली कांग्रेस पार्टीले १५औं महाधिवेशन सम्पन्न गरेको छ । २००७ देखि २०६२/०६३ सालसम्म नेपालमा भएका राजनीतिक परिवर्तनको नेतृत्व गरेको नेपाली कांग्रेसले १५औं महाधिवेशनबाट परिवर्तनशीलता प्रकृतिको अपरिवर्तनीय नियम हो भन्ने तथ्य आत्मसात गर्ने कुराको पनि नेतृत्व गर्न सफल भएको छ । अर्थात् व्यवस्था परिवर्तन गरेर मात्र हुँदो रहेनछ, अवस्था परिवर्तन गर्न चुकियो भने व्यवस्था परिवर्तनको औचित्य सिद्ध नहुँदो रहेछ, अवस्था परिवर्तन गर्न हरेक अवस्थाले गर्ने प्रश्नको उत्तर दिने सामर्थ्य बढाइरहनुपर्ने रहेछ भन्ने बोध गरेको छ ।

रावणलाई १० टाउकेको रूपमा देखाइन्छ । १० वटा टाउको चित्त खण्डित गरेर बसेको अवस्थाको प्रतीक हो । धेरै टाउका हुनुको अर्थ एक हुन नसक्नु अर्थात् आन्तरिक विभाजनको अवस्थामा रहनु हो । यसले १० टाउकाको एउटा मात्र रावण थियो भन्ने दर्शाउँदैन । बरु १० वटा टाउका हुने जति सबै रावण हुन् भन्ने संकेत गर्दछ अर्थात् १० वटा टाउका भन्ने कुरा एकभन्दा बढी टाउकाको प्रतीकात्मक संकेत हो चित्त खण्डित अवस्थामा रहनु नै रावण हुनु हो भन्छन् आचार्य प्रशान्त ।

हुन पनि हामी धेरैजसोको शरीर एउटा टाउका धेरै छन् । धेरै टाउको भएकैले हाम्रो मनमा धेरै खाले प्रभाव परेको अवस्था छ र हरेक प्रभावले अलग्गै एक चेहराको रूपमा आफ्नो अलग्गै दुनिया बनाएको छ । शिवजी सामुन्ने उभिदाको रावण ज्ञानको केन्द्रमा छ भने सीतासमक्ष कहिले आकर्षणको केन्द्रमा त कहिले घृणा, ज्ञान, लोभ, संशय आदिको केन्द्रमा उभिएको हुन्छ । जसका केन्द्र अनेक छन्, एउटा केन्द्रमा हुँदा अर्को केन्द्रले खिचेर जसलाई अस्थिर बनाउँछ र कुनै एक केन्द्रमा समर्पित छैन त्यो नै रावण हो ।

नेपाली कांग्रेस पार्टी लगायतका कुनै पनि संघसंस्था कानुनी रूपमा एक प्राकृतिक व्यक्तिले सरह सोच विचार र कर्म गर्न सक्षम इकाइ मानिन्छ । १४औं महाधिवेशनबाट जन्मिएको कांग्रेसको शरीर एउटा भए पनि टाउका धेरै थिए । पौराणिक कथाको रावण सीताको सुन्दरतामा लोभिएर भिक्षुको रूप लिएको थियो भने उतिबेलाको कांग्रेस सत्तामोहमा फसेर निर्वाचनअघि नै भिन्न विचारका पार्टीसँग गठबन्धन गर्ने चेहरा देखायो । निर्वाचन अघिको गठबन्धनको सरकार बन्ने सम्भावना देखेर लोभ र सन्देहको केन्द्रमा उभिन पुग्दा सत्ता बाहिर हुन पुगेको कांग्रेसमा विभिन्न टाउका गाँसिदै जाँदा निर्वाचनमा प्रतिस्पर्धा गरेको मुख्य विपक्षी पार्टीसँग मिलेर दुईतिहाइ संख्याको उन्मादमा सत्तारोहण गर्‍यो र जेनजी विद्रोह निम्त्याउने मध्येको एक कारक बन्न पुग्यो ।

सत्य अर्थात् आत्माको अतिरिक्त जे पनि छ त्यो विभाजित हुन्छ । जहाँ विभाजन छ त्यहाँ चैन पाउन सकिँदैन । आन्तरिक विभाजनले छुद्रता, हीनता र दायरामा सीमित गर्छ । यिनै कुरामा राक्षसको बास हुन्छ र त्यही हाम्रा सबै व्याधीहरू हुन्छन् । शान्त आकाश जस्तो विराट भएर जिउनु राम हो । राम आत्मा हो जो अनन्त, अखण्ड, अजर, अमर भएको हुँदा जसको कुनै केन्द्र नै छैन । जो मुक्त आकाशको भयो ऊ जहाँ छ त्यही केन्द्र बन्छ । किनकि अनन्ततामा एक विन्दु नै केन्द्र हुन्छ । राम जहाँ छन् केन्द्र त्यही आउँछ । राम सदा स्वकेन्द्रमा हुन्छन् ।

जो अलग अलग अवस्थामा अलग अलग हुन्छ त्यही हो रावण । रावणका १० वटा टाउको देखाइए पनि १० मध्ये कुनै एक पनि उसको टाउको होइन । १० वटै टाउका प्रकृति, समाज र परिस्थितिका हुन् । रावण कुनै पनि टाउकाको हुन पाउँदैन । किनकि ऊ स्वकेन्द्रित छैन । एक मौका एउटा केन्द्रबाट र अर्को मौका अर्को केन्द्रबाट आउँछ । केन्द्र बदलिइरहन्छ । हर केन्द्रको पछि एक प्रभाव हुन्छ । कहिले घृणा कहिले लोभ, कहिले भय र कहिले सन्देहको प्रभाव परेको हुन्छ । एउटा केन्द्रमा हुँदा अर्को केन्द्रले खिचेर अस्थिर बनाउँछ । केन्द्र केन्द्रमा र मन मनमा भट्किन्छ । जो मनमनमा र घरघरमा भट्किन्छ उसको भित्र विचारहरूको संघर्ष लगातार चलिरहन्छ, त्यही रावण हो ।

रावणका तीरहरू बाहिर बाहिर चल्छन्, भित्रतिर चलेका हुँदैनन् । तीरहरू भित्र चल्न पाएको भए रावण मरेर राम बन्न सक्दथ्यो । राम त्यो हो जसले पहिला आफैँलाई मेटाउँछ । जसले पहिला आफूलाई मेटाउँदैन त्यो राम बन्न सक्दैन । रावणको तहमा उभिएर रावणसँग शत्रुता गर्न सम्भव हुँदैन । जो रावणतुल्य छ उसले रावणलाई जित्न सक्दैन । रामले रावणमाथि सामुन्नेबाट होइन ऊभन्दा माथिबाट युद्ध गरेकाले बध गर्न सकेका हुन् । १० टाउके रावणलाई टाउको नभएकोले मात्र मार्न सक्छ । रामको टाउको थिएन, हुँदैन । आफ्नो शिर नभएपछि १ हजार शिर भएकालाई पनि हराउन सकिन्छ । हाम्रा आफ्नै १ हजार शिर छन् र रावण जलाउन मजा मान्छौं । हरेक वर्ष उल्लासका साथ रावण दहन गर्छौं । अनि हाम्रो अहंकार मुस्कुराउँदै रावण दोहनलाई निरन्तरता दिन्छ र रावणलाई अमर बनाउँछ ।

रावणले कुकृत्य गर्‍यो र सजाय पायो । अन्तिम समयमा गल्ती गरेको महसुस गर्‍यो, गल्ती स्वीकार्दै माफी माग्यो र मुक्ति पायो । रामले रावणको नाभीमा वाण प्रहार गरेर अमृत तत्त्व नष्ट गरेपछि दुबै हात जोडेर झुक्दै जोडले श्रीराम भन्दै भुइँमा लड्छ । यो आफूभित्र बसेको अहंकार नाश गरेको संकेत हो । यसैलाई अहं आत्मामा विलय भएको वा लिन भएको भनिन्छ । यही नै विजयादशमी पर्वको ठुलो सन्देश हो ।

आफ्नो दुःखको मूल कारणको उपचार गर्नु धर्म हो । अहंकार नै दुःखको कारण हो । किनभने भगवत्गीताले षड्रिपु भनेर औँल्याएका मानिसका ६ शत्रु काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य वाहक अहंकार हो । अहंकारको नाश भएपछि ती शत्रु मित्रमा परिणत हुन्छन् र जीवन गलत मार्गमा चलेको संकेत दिएर सही मार्गमा फर्किन सघाउँछन् ।

राम राज्यमा बाघ र मृगले एउटै जलासयमा सँगै पानी पिउँथे भनिन्छ । यो एक संकेत हो । जब समाजको उत्थान भएर स्तर उकासिन्छ तब त्यो समाजमा अपराधी नियन्त्रणमा आउँछन् र अपराध हुँदैनन् वा कमी आउँछ भन्ने सन्देश हो यो । त्यस्तो विकसित समाजमा बाघ र मृगले पनि एकअर्काप्रति अलग्गै व्यवहार गर्छन् भन्न खोजिएको हो । बाघले मृगको सिकार त गरिनै हाल्छ, जो स्वाभाविक र प्रकृति सम्मत छ ।

अहिले समाजमा नायक होइन खलनायक हुँ भन्ने हावा चलेको छ । रामसँग सम्बन्ध भएका हनुमान, विभीषण, भरत र सीताको नाम लिइँदैन, केवल रावणको महिमा मण्डन धेरै गरिन्छ । अध्यात्ममा रूप बदलेर आएको प्रवृत्तिले आरोग्यताको राग अलाप्तै मनको व्यवस्थापन गर्ने चमत्कारिक कुरा गर्छ। तर आरोग्यता कसका लागि हो भन्ने प्रश्न लुकाउने यो प्रवृत्तिले कसैले उठ्याइ हाल्यो जिज्ञासा भने उसको अपमान गर्छ । मनको केन्द्रमा बस्ने अहंकारलाई मनको व्यवस्थापन गर्न लगाउँछ र अहंकारकै सेवा गर्छ । आखिर रावण पनि त पुलत्स्य ऋषिको नाती महापराक्रमी र महाज्ञानी थियो भन्ने गरिन्छ ।



विभिन्न राजनीतिक आरोह र अवरोह पार गर्दै १५औं महाधिवेशन सम्पन्न गरेको नेपाली कांग्रेसले अहिलेको यो विषम परिस्थितिमा जसले स्वयंलाई मेटाउन सक्छ त्यसले मात्र रावणको वध गर्न सक्छ भन्ने सन्देश दिएर आफ्नो पार्टीसँगै सिंगो देश र सम्पूर्ण जनतालाई न्याय गरेको छ ।

राम स्वयं यस्तो मौन र स्थिरताको केन्द्र हो जहाँ कुनै पनि कुरा पुगेर विकृत गर्न सक्दैन । रावण आलोचना गरे भड्किन्छ किनकि केन्द्र गहिरो हुँदैन । कोदालो र मेसिन पुग्न नसक्ने धर्ती र विचारले नाप्न नसक्ने आकाशको गहिराइ हो राम । जसको हृदय अरूको कुराबाट मलिन हुँदैन । हामी राम र रावण मध्ये एक हुन्छौं बीचको मध्यमार्गी हुँदैनौं । किनकि आध्यात्मिक खिचडी पाक्दैन । आध्यात्मिक खिचडी पकाउन खोजिएको छ त्यो धोका हो ।

नेपाली कांग्रेसले आफैँभित्र वाण चलाउँदै विगतका कमजोरी स्वीकार्दा उपलब्धि मेटिदैनन् र उपलब्धिको सम्मान गर्दा कमजोरी छोपिदैनन् भन्दै राज्य र सार्वजनिक संस्थामा अपेक्षित मापदण्ड आफ्नै संगठनमा लागू गर्ने उद्घोष र निर्वाचनअघि भिन्न विचारका पार्टीसँग गठबन्धन नगर्ने प्रतिबद्धता व्यक्त गरेर स्वकेन्द्रित गराएको छ । आलोचनाले कारण र जिम्मेवारी खोज्दै सुधारको बाटो खुलाउने तथ्य स्वीकार्दै सबैलाई अविश्वसनीय बनाउँदै भविष्यप्रतिको भरोसा कमजोर पार्ने समग्र निन्दालाई वर्जित गरेको छ ।

सार्वजनिक नियम पहुँच र निकटताअनुसार बदलिँदैनन् भन्ने सूनिश्चितता र क्षमता र मिहिनेतबाट भविष्य बनाउन सकिने भन्दै फरक समुदाय र विचारबीच सहकार्य गर्ने भनी हृदय विशाल बनाएको छ । हरेक पुस्ताको ज्ञान, अनुभव र योगदान समेटेर पुस्ताबीचको पूल बनाउँदै राजनीतिक असहमतिका बेला साझा आधार खोज्ने संयोजनकारी भूमिकामा उभ्याएको छ । शक्तिको स्रोत र स्वामी नागरिक हुन् भन्ने आत्मबोध गर्दै सामाजिक, आर्थिक र मानवीय आधार निर्माणमा सबैलाई सहज समान पहुँच र स्वतन्त्रता प्रत्याभूत गर्ने लोकतान्त्रिक समाजवादको विचार अँगालेको छ ।

राजनीतिक स्वतन्त्रता र आर्थिक न्याय एकअर्काका परिपूरक हुन् भन्ने स्वीकार्दै निजी स्वार्थले सार्वजनिक उद्देश्य विस्थापित गर्दा जनता राजनीतिबाट टाढिएको ठम्याउँदै सदस्यले पढ्न पाउने, प्रश्न गर्न पाउने र नेतृत्वको आलोचना गर्न सक्ने वातावरण सिर्जना गरी विचारमा जीवन्तता ल्याउँदै समुन्नत नेपाल र सम्मानित नेपालीको नारा अघि सारेको छ ।

हिजो बिपीले विकासको केन्द्रमा हलो जोतेको कृषक राखेकोमा अहिलेको समाजअनुसार पासपोर्ट बोकेको वा देशभित्रै अवसर खोजेको युवालाई लक्षित गर्दै व्यक्तिले क्षमता विकास गर्ने आधार र सार्वजनिक अवसरमा निष्पक्ष प्रवेश पाउने अवस्थाको सुनिश्चितताका लागि शिक्षा र स्वास्थ्यमा पहुँच, श्रम र पुँजीबीचको शक्ति सम्बन्ध, बजारका नियम, आर्थिक अवसर र उत्पादनका साधनमा प्रवेशमा समान संरक्षण गर्ने समन्यायिक दृष्टिकोण राखेको छ ।

समाज न्यायपूर्ण, स्वतन्त्र र समतामूलक मात्र होइन गतिशील पनि हो भन्दै लोकतान्त्रिक मान्यतामा दृढता, नयाँ ज्ञान आर्जेर संस्थागत कमजोरी हटाउने अठोट र नागरिकको क्षमता विस्तार गर्दै अर्थतन्त्रमा नयाँ अवसर जुटाएर राष्ट्रलाई सामर्थ्यवान बनाउने भरोसा दिलाएको छ ।

नीतिगत स्थिरता, स्वस्थ प्रतिस्पर्धा र लगानीमैत्री वातावरण सिर्जना गरेर राज्यलाई कुशल नियामक बनाउँदै सीमान्तकृत समुदायलाई विशेष आर्थिक अवसर र क्षमता विकास गरेर उनीहरूलाई सम्पत्ति सृजनाको सक्रिय साझेदार बनाउने अठोट गरेको छ ।

कानुन, विधि र संस्थाहरूको मर्यादा राखिएन भने निर्वाचित नेतृत्वबाटै लोकतन्त्र मर्न सक्छ भन्दै प्रकृयासँगै प्रवृत्ति प्रधान हुने निष्कर्ष निकाल्दै जेनजी विद्रोहले लोकतन्त्र भोगिने प्रवृत्तिमा देखिनुपर्छ भन्ने उजागर गरेको स्वीकार गरिएको छ । बिपीको दर्शनले मान्छेलाई केन्द्रमा राखेको र कम्युनिस्टसँग यसैमा भेद रहेको औल्याउँदै बोल्न पाउनु परम्परागत लोकतन्त्रको परिभाषा विस्तार हुँदै आज सुनिनुपर्नेसम्म पुगेको आत्मसात गरिएको छ ।

चेतना र बोध फरक कुरा हुन् । जे सोचिएको र गरिएको छ त्यो चेतना हो । चेतनाको आधार विचार हो भने विचार अतीतमा आधारित हुन्छ । तसर्थ चेतना अतीत हो । त्यसैले चेतनाले वर्तमानलाई पूर्णरूपमा समेट्न सक्दैन । चैतन्य जब ठन्डा र हल्का भएर आफ्नो स्रोतमा समाहित हुन्छ र विचारका तरंग सिथिल हुन्छन् त्यसलाई बोध भनिन्छ । चेतनालाई अवलोकन गरेपछि बोधमा प्रवेश हुन्छ । यदि चैतन्य शुद्ध छ, जहाँ अहंकार मिसिएको छैन भने त्यो आत्मा हो ।

बोध सम्झनु हो भने चेतना जान्नु हो । चेतना व्यक्तिगत हुन्छ बोध कसैको हुँदैन सार्वभौम हुन्छ । चेतना व्यक्तिगत भएको हुँदा विभाजनलाई महत्त्व दिन्छ, विभाजनले दुरी बनाउँछ । चेतनामा अहंकार मिसिएको हुन्छ र को अग्लो र को होचो छ भन्ने हिसाबकिताब गर्छ । त्यसैले जान्नेले चेतनालाई महत्त्व दिएनन् । बोधमा कुनै पनि खाले मालिकत्त्व हुँदैन एउटा लय, समाधान र विलुप्तता हुन्छ । बोध शव जलाउने दाउरा हो जो शव जलाएपछि आफू पनि खरानी बन्छ । जागरुकताले अग्नि उत्पन्न गर्छ र अग्नि प्रज्वलित हुन्छ ।

१५औं महाधिवेशनमा नेपाली कांग्रेस पार्टी आफैं पर्यवेक्षक बन्यो, आफैँलाई पर्यवेक्षण गर्‍यो र आफ्नो चेतनालाई आफैँले अवलोकन गरेर जागरुकता ल्यायो । आत्मज्ञानी र आध्यात्मिक हुने प्रकृया यही नै हो । दार्शनिक जिद्दु कृष्णमूर्तिले चेतनाको सामग्री देख्ने र खाली गर्ने हो भने नयाँ दुनिया खुल्छ जहाँ कुनै विभाजन हुँदैन केवल एकत्व हुन्छ र यो दृष्टिकोण न केवल व्यक्तिगत बल्की सामाजिक परिवर्तनको कुन्जि हुन्छ भनेका छन् ।

चेतनाले स्वयंलाई जागरुक गराउन सक्छ, यसमा विचारको भूमिका हुँदैन किनकि विचारले चेतनालाई बाँधिदिन्छ जागरुकताले चेतनालाई मुक्त गरिदिन्छ । कांग्रेसले १५औं महाधिवेशनबाट आलोचना स्वीकार्ने, कसैको पनि निन्दा नगर्ने, अवस्था परिवर्तनका लागि जेनजीले गरेको विद्रोहको मर्म आत्मसात गर्दै भिन्न विचारका पार्टी, समुदाय र जनतासँग सहकार्य गर्ने लगायतका राम्रा कुरा अनुमोदन गरेर आफ्नो अतीतको चेतना विघलित गरेर बोधमा प्रवेश गरेको छ ।

देशलाई अँध्यारो सुरुङमा धकेलेर निजी स्वार्थ पूरा गर्न खोज्ने अहंकारी प्रवृत्तिले गत भदौ २३ र २४ को जेनजी विद्रोहलाई समग्रमा लिन बुझ्न चाहँदैन । जेनजी पुस्ताको बलमा बनेको सरकार ढाल्ने मनसुवाले २४ गते सिंहदरबार र सर्वोच्च अदालतसमेत जलाएको देख्ने २३ गते विद्यार्थी लगायतका निहत्था युवाले गरेको शान्तिपूर्ण आन्दोलनमा बरबर दमन गर्न गोली बर्साउँदा जीवन उत्सर्ग गर्न पुगेको कुरा उपेक्षा गरेको छ । गणतन्त्र शब्द उच्चारण गर्न हच्किनुपर्ने अवस्थाबाट बलिदानी आन्दोलनको नेतृत्व गरेर गणतन्त्र बहाली गरेका पुराना दल र नेतालाई प्रतिशोध साध्न चाहने प्रवृत्तिले २३ गते गोली चलेको देख्ने २४ गते देशलाई राज्यविहीन अवस्थामा धकेलेर सिंहदरबार जस्ता राष्ट्रिय धरोहर र ऐतिहासिक दस्तावेज जलाएको देख्न चाहेको छैन । पुराना दल र वर्तमान सरकारको पक्षधरताको आवरणमा लुकेको अहंकारी प्रवृत्तिलाई केवल आफ्नो स्वार्थ पूरा गर्नु छ, देश र जनताको हितसँग उसलाई कुनै मतलब छैन ।

जेनजी आन्दोलनको वार्षिकोत्सव मनाउने समारोहमा उपस्थित हुने अपेक्षा गरिएका प्रधानमन्त्री अनुपस्थित रहने र अनपेक्षित र विवादित व्यक्तिलाई अस्वाभाविक तरिकाले अघिल्लो पंक्तिमा राख्दै गृहमन्त्रीले आवेगी भाषण गरेकोमा सहिद परिवारलगायत सत्तारूढ पार्टीलाई मतदान गरेका नागरिक समेतले सामाजिक सञ्जालमा गुनासो व्यक्त गर्न पुगे । १ जनाले पार्टी र अर्कोले सरकारको मोर्चा सम्हाल्ने समझदारी गरेका कारण पार्टी सञ्चालन गर्न र अन्य दल र तिनका नेतासँग समन्वय गर्नुपर्ने ठुलो बोझबाट मुक्त प्रधानमन्त्रीले सरकार चलाएको अवधि ६ महिना नाघेको छ । विशेष कालखण्ड र परिस्थितिमा बनेको यो सरकार भ्रष्टाचारमा नमुछिनु शुभ संकेत हो । अप्रत्यासित विपद्को सामना गर्नुपरेको अवस्था समेतलाई मध्यनजर गर्दा अहिलेसम्म आवश्यक कानुन बनाउने रफ्तार सुस्त र स्थानीय तथा प्रदेश सरकारहरूसँग समन्वय र सहकार्य गर्ने कुरामा कमी महसुस भएको छ ।

२०४६ र २०६२/०६३ सालको आन्दोलनमा निर्णायक भूमिका खेलेका एमाले र नेकपा जस्ता दलले तटस्थ र साक्षी भावले आफ्नो कमिकमजोरी अवलोकन गरेका छैनन् र गर्ने छाँटकाँट पनि देखिँदैन । आफ्ना कमजोरीलाई भदौ २४ को विध्वंसको आवरणले ढाकछोप गर्दै त्यसैको आडमा एकातिर सरकारविरुद्ध आन्दोलनमा जाने भित्रभित्र पुरानो संसद् ब्युताउने षड्यन्त्रमा लागेको गन्ध पूर्वप्रधानन्यायाधीश पक्राउको पछिल्लो प्रकरणले सतहमा फैलिएको छ ।

जेलनेल र कष्ट साधना गर्दै सहकार्य गरेर व्यवस्था बदलेका आफूहरू देशको अवस्था बदल्नमा पनि संवाद, सहमति र सहकार्य गर्नुपर्नेमा अवाञ्छित प्रतिष्पर्धा र निषेधको राजनीति गर्नु र कार्यकर्ता र शुभेच्छुकलाई उत्पादनमा नजोड्नुले जेनजी विद्रोह निम्तिएको हो भन्ने स्वीकार गरेर कमजोरी सच्याउँदै अघि बढे देशको अवस्था युद्धस्तरमा बदलिने र सुनौलो इतिहास रचिने सम्भावना अझै जीवित छ । त्यसका लागि शीर्ष नेताहरूले आफ्नो अहंकार त्याग्न र व्यक्ति बदल्ने कुरा छाडेर चेतना बदलेर बोधमा प्रवेश गर्नुपर्ने हुन्छ ।

विजयादशमीको मूल सन्देश अहंकारलाई आत्मामा विलय गराए दुःखको मूल कारण समाप्त भई जीवन सुखी हुन्छ भन्ने हो । अहंकारले ढाकेको आत्माको अनुभूति भएपछि आफूमा सबै र सबैमा आफूलाई देखिन्छ र एकत्व कायम हुन्छ । विभाजन र अवाञ्छित प्रतिष्पर्धाको दौडमा अपव्यय र छिरलिएको शक्ति शान्ति र समृद्धि प्राप्तिमा एकत्रित रूपमा सदुपयोग भई देशको अवस्था युद्धस्तरमा सुध्रिन्छ ।

तसर्थ १५औं महाधिवेशनबाट आफ्नो विगतको अहंकार हटाउँदै राजनीतिक असहमतिका बेला साझा आधार खोज्ने संयोजनकारी भूमिकामा उभ्याएको नेपाली कांग्रेसले देशमा प्रजातन्त्र पुनःस्थापनादेखि संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन सहकार्य गरेका एमाले र नेकपा लगायतका पार्टीलाई सच्चिन प्रेरित गर्दै विश्वासमा लिँदै रचनात्मक प्रतिपक्षीको भूमिका निर्वाह गरी सरकारलाई जिम्मेवार बन्न सचेत गराएर देश र जनताको मुहार फेर्नमा केन्द्रित गर्नुपर्ने हुन्छ ।



## २४ - ३० असोज २०८३ साप्ताहिक राशीफल






**मेष राशी-(चु,चे,चो,ला,लि,लु,ले,लो,अ)** :- यस राशि हुनेका लागि यो साता ऊर्जा बढ्ने छ । क्रोधलाई नियन्त्रणमा राख्नुपर्ने देखिन्छ । नयाँ अवसर मिल्न सक्नेछन् । मित्रजनसित भेट रहनेछ । व्यापार व्यवसायमा लाभ रहेको छ ।




**वृष राशि (ई,उ,ए,ओ,वा,वि,वु,वे,वो)** :- यस राशि हुनेका लागि यो साता मिहिनेतको फल प्राप्त हुनेछ । राजनीतिमा नयाँ अवसर प्राप्त हुनेछ । आर्थिक पक्ष्य मजबुत हुँदै जानेछ । अध्ययनमा सफलता प्राप्त हुनेछ ।




**मिथुन राशि (क,कि,कु,घ,ङ,छ,के,को,ह)** :- यस राशि हुनेका लागि यो साता उत्साह बढ्नुका साथै खर्च बढ्ने देखिन्छ । मानसम्मानमा आँच आउने देखिन्छ । व्यापार व्यवसायमा नोक्सानी हुनेछ ।




**कर्कट राशि (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** :- यस राशि हुनेका लागि यो साता सञ्चित धन वृद्धि हुनेछ । घरायसी विवाद उत्पन्न हुनेछ । राजनीतिमा विरोधी पक्ष्य सक्रिय हुनाले आलोचना खप्नुपर्नेछ । व्यापारमा सामान्य रहेको छ ।




**सिंह राशि (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** :- यस राशि हुनेका लागि यो साता मानसम्मान बढ्ने छ । वादविवादमा फस्न सकिने सम्भावना रहेको छ । राजनीतिमा सफलता प्राप्त हुनेछ । व्यापारमा मध्यम खालको फल प्राप्त हुनेछ ।




**कन्या राशि (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** :- यस राशि हुनेका लागि यो साता अध्ययनमा सफलता प्राप्त हुनेछ । मनोरञ्जन कार्यमा खर्च बढ्ने देखिन्छ । राजनीति तथा व्यापार सामान्य रहेको छ । अध्ययनको सिलसिलामा विदेश यात्राको अवसर प्राप्त हुनेछ ।




**तुला राशि (र,री,रु,रे,रो,ता,ति,तू,त)** :- यस राशि हुनेका लागि यो साता विदेश यात्राको अवसर प्राप्त हुनेछ । साझेदारी व्यापारमा विवाद उत्पन्न हुनेछ । राजनीतिमा धोखा मिल्नेछ । व्यापारमा नयाँ लगानी गर्नु त्यति लाभदायक छैन ।




**वृश्चिक राशि (तो,न,नी,नू,ने,नो,या,यि,यू)** :- यस राशि हुनेका लागि यो साता मिहिनेतको फल प्राप्त हुनेछ । मानसिक तनाव बढ्ने देखिन्छ । राजनीतिमा आरोप प्रत्यारोपको सामना गर्नुपर्ने देखिन्छ । व्यापारमा आयभन्दा बढी खर्च हुनेछ ।




**धनु राशि (य,यो,भा,भि,भू,ध,फा,ढ,भ)** :- यस राशि हुनेका लागि यो साता व्यापारमा र पढाइमा राम्रो रहनेछ । पारिवारिक वादविवादमा फस्न सकिनेछ । मानसम्मान प्राप्त हुनेछ । सरकारी जागिर गर्नेहरूलाई पदोन्नतिको सम्भावना रहेको छ ।




**मकर राशि (भो,जा,जी,खी,खू,खे,खो,गा र गी)** :- यस राशि हुनेका लागि यो साता जागिर व्यवसायमा सफलता रहेको छ । बाहिरी मान्छेबाट कार्यमा अवरोधको सामना गर्नुपर्ने देखिन्छ । वादविवादमा फस्न सकिनेछ । नयाँ कामको अवसर मिल्ने छ ।




**कुम्भ राशि (गू,गे,गो,स,सी,सू,से,सो,द)** :- यस राशि हुनेका लागि यो साता कुनै पनि कार्य गर्दा धैर्यता अपनाउनुपर्ने देखिन्छ । राजनीतिमा असमझदारी देखापर्नेछ । व्यापार व्यवसायमा जोखिम बढ्न सक्नेछ । विदेश यात्राको अवसर प्राप्त रहनेछ ।




**मीन राशि (दी,दू,थ,झ,ञ,दे,दो,च,ची)** :- यस राशि हुनेका लागि यो साता बोलीमा प्रभावकारिता बढ्ने छ । आँटेका कार्यहरू पूरा हुनेछन् । राजनीतिमा सफलता हात पर्नेछ । व्यापारमा शुभ, जागिरमा रहनेहरूलाई सफलता हात पर्नेछ ।



**ज्यो. दुर्गाप्रसाद उपाध्याय**
**फो नं. ९८४१३७१८९७,**
**कोटेश्वर, काठमाडौं**
**ईमेल :** durga.np@gmail.com
**facebook**
Durga Prasad Upadhayaya

**चिना टिप्पणी बनाउन, हस्तरेखा हेर्न, ग्रहदशा हेर्न, घरको वास्तु हेर्न, ग्रहशान्ति, मांगलिक कार्य, पूजा पाठ गर्न परेमा सम्पर्क गर्नुहोला ।**

# यसवर्ष दसैंमा काठमाडौं छाड्नेको संख्या कम हुने अनुमान

■ **सौर्य समाचार**

काठमाडौं । नेपालीको बडादसैंलाई लक्षित गर्दै सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुला भएपछि काउन्टरहरूमा यात्रुको लाइन देखिन थालेको छ ।

नेपाल सरकारको निर्णयअनुसार नेपाल यातायात व्यवसायी विभागले सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुला गरेलगत्तै काठमाडौंका बसपार्कहरूमा टिकट बुकिङ गर्नेहरूको भिड देखिएको हो । गोंगबुस्थित नयाँ बसपार्कमा बिहान ६ बजेदेखि नै यात्रुहरूले निरन्तर टिकट काटिरहेका छन् ।

दसैंका लागि उपत्यकाबाट बाहिरिने यात्रुको चाप बढ्न थाले पनि अघिल्लो वर्षको तुलनामा यस वर्ष यात्रुको संख्या केही कम हुने अनुमान गरिएको छ । बसपार्कमा यात्रुको चाप रहे पनि विगतका वर्षहरूमा जस्तो भिड भने छैन ।

पश्चिम नेपाल बस व्यवसायी प्रालि काठमाडौं शाखा इन्चार्ज डिल्लीराज भुसालले शुक्रबार कार्यालय खुल्ने दिन भएकाले यात्रुको चाप तुलनात्मक रूपमा कम देखिएको बताए । उनले शनिबार र आइतबार भने यात्रुको चाप अझ बढ्ने अनुमान गरिएको बताएका हुन् ।

उनले अघिल्लो वर्षको तुलनामा यस वर्ष यात्रुको संख्या कम हुने अनुमान गरे पनि पहिलो दिनमै यकिन तथ्यांक निकाल्न कठिन हुने बताए । आगामी २ दिनमा यात्रुको वास्तविक चाप स्पष्ट हुने उनले बताए ।

उनले भने, 'त्यस्तो धेरै चाप छैन । अफिसहरू खुल्ने दिन भएकाले पनि होला त्यस्तो चाप छैन । शनिबार र आइतबार चाप अझ बढ्छ जस्तो लाग्छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष मान्छेहरू जानुहुन्छ जस्तो लागिरहेको छैन । पहिलो दिनले ठ्याक्कै त्यो आँकडा निकाल्नलाई गाह्रो हुन्छ ।'

यात्रुहरूको सुविधाका लागि टिकट अनलाइन र बसपार्कबाट प्रत्यक्ष रूपमा लिन सकिने व्यवस्था गरिएको बताएका छन् । उनले अनलाइनबाट आधा र बसपार्कमा आएर आधा यात्रुले टिकट लिने गरी व्यवस्थापन गरिएको बताए ।

भुषालका अनुसार यात्रुको चापअनुसार ३ देखि ४ जना कर्मचारी परिचालन गरेर टिकट बिक्री भइरहेको छ । आवश्यकताअनुसार थप सवारीसाधनको व्यवस्था गरिँदै गएको र आगामी दिनमा पनि यात्रुको चाप हेरेर गाडी थपिने उनले बताए ।

उनले गोंगबु बसपार्कभित्र सवारीसाधनको अभाव नरहेको बताए । बसपार्कभित्र अनधिकृत रूपमा टिकट बिक्री गर्ने वा यात्रुलाई अन्यत्र पठाउने अवस्था नरहेको र प्रहरी प्रशासनको निगरानीसमेत कडा रहेको उनले बताए ।

यात्रुको चाप कुन रुटमा बढी छ भन्ने विषय शुक्रबारदेखि स्पष्ट हुँदै जाने र सोहीअनुसार सवारीसाधन थपेर यात्रुलाई सहज यात्रा गराउने उनले बताए । यसैगरी, त्रिशिद्धेश्वरी राप्ती यातायात प्रालिका दुर्घटना तथा डायल इन्चार्जले दसैंमा घर फर्किने यात्रुको चाप बढे पनि विगतका वर्षको तुलनामा यसपटक दाङतर्फको यातायात व्यवस्थापन केही सहज र व्यवस्थित भएको बताए ।

उनका अनुसार विगतका वर्षमा लामो समयसम्म सडक तथा यातायात व्यवस्थापनमा समस्या हुने गरे पनि यसपटक छोटो अवधिमा यात्रुको चाप बढेकाले केही भिडभाड भए पनि यात्रुलाई सहज रूपमा गन्तव्यसम्म पुऱ्याउने व्यवस्था मिलाइएको छ । उनले यात्रुलाई लाइनमा राख्न तथा व्यवस्थापनमा सहयोग पुऱ्याउन स्वयंसेवकसमेत परिचालन गरिएको बताए ।

लोत्से बहुउद्देश्यीय संस्थाका महाप्रबन्धक पंकज मल्लको निर्देशनअनुसार २६ असोजदेखि दाङतर्फ जाने बसहरू दिउँसो १२ बजेदेखि ३:३० बजेसम्म सञ्चालन गर्ने व्यवस्था मिलाइएको उनले बताए । उनले दसैंको अवसरमा टिकटको भाडा वृद्धि नगरिएको पनि बताए । राज्यले तोकेको भाडादरभन्दा बढी रकम नलिएको भन्दै उनले यात्रुसँग तोकिएकोभन्दा १ रुपैयाँ पनि बढी नलिन यातायात व्यवसायी प्रतिबद्ध रहेको बताए ।

केही साताअघि आएको बाढीपहिरो तथा वर्षाका कारण सडक अवरुद्ध हुने र गाडी काठमाडौंसम्म आइपुग्न नसक्ने अवस्था सिर्जना भएपछि यातायात सञ्चालनमा समस्या भएको उनले बताए । अहिले मौसम सफा भएसँगै सडक तथा यातायात सञ्चालनमा सुधार आएको उनले बताए ।

उनका अनुसार अहिले दाङबाट छुटेका गाडीहरू बिहान करिब ६ बजे काठमाडौं आइपुगिरहेका छन् भने काठमाडौंबाट छुटेका गाडीहरू पनि निर्धारित समयमा गन्तव्यतर्फ पुगिरहेका छन् । उनले बाढीपहिरोका कारण यसअघि भएको ढिलाइको मुख्य कारण सडकको अवस्था रहेको बताए ।

यात्रुको चापलाई ध्यानमा राखेर तत्काल नयाँ गाडीको 'क्यु' थप नगरिएको भए पनि आवश्यकता परे थप बस सञ्चालन गर्ने तयारी रहेको उनले जानकारी दिए । यात्रुको चाप अत्यधिक बढेमा संस्थाका पदाधिकारीसँग समन्वय गरी थप बस सञ्चालन गरिने उनले बताए ।

### के भन्छन् यात्रुहरू ?

विगतका वर्षमा टिकट पाउन समस्या हुने गरेको भए पनि यसपटक भने केही सहज भएको यात्रुहरूले बताएका छन् ।

कालिकोटका कसम विकले यसपटक टिकट बुकिङ तथा यात्रु व्यवस्थापन विगतको तुलनामा सहज रहेको बताए । उनले विगतमा दसैंको समयमा बसमा सिट क्षमताभन्दा बढी यात्रु राख्ने गरिएको भए पनि अहिले त्यस्तो अवस्था नरहेको बताए ।

उनले यसपटक लामो दुरीका बसको भाडा भने केही महँगो भएको गुनासो गरे । उनले विगतमा करिब २ हजार २०० देखि २ हजार ५०० रुपैयाँमा यात्रा गरेकोमा अहिले करिब ३ हजार १०० रुपैयाँसम्म तिर्नुपर्ने अवस्था रहेको जानकारी दिए ।

उनले सरकारले दसैंको समयमा यात्रुलाई राहत हुने गरी सार्वजनिक यातायातको भाडादर घटाउन पहल गर्नुपर्ने बताए ।

यस्तै, प्युठानका सुमन थापाले विगतमा प्युठान जाने टिकट पाउन निकै कठिन हुने गरेको भए पनि यसपटक दाङसम्मको टिकट सहजै पाएको बताए ।

उनले विगत वर्षका दसैं समयमा प्युठान जाने यात्रुको एउटै सिटको दोहोरो टिकट काटिने समस्यासमेत हुने गरेको उल्लेख गरे । टिकट नपाएपछि दाङसम्मको बस चढेर त्यहाँबाट भालुवाङ हुँदै प्युठान जानुपर्ने अवस्था रहेको उनले बताए ।

यसपटक भने दाङ जाने टिकट सहज रूपमा पाएको उनले बताए । दाङबाट प्युठान जाने व्यवस्था मिलाउन सकिने भएकाले पनि यसपटक घर फर्किन केही सहज भएको उनले बताए ।

■ करदाता प्रोत्साहन उपहार कार्यक्रम

# अब विक्रेतालाई पनि पुरस्कारको व्यवस्था

■ **सौर्य समाचार**

काठमाडौं । सरकारले करदाता प्रोत्साहन कार्यक्रमअन्तर्गत वस्तु तथा सेवाको बिक्री गर्ने विक्रेतालाई पनि नगद उपहार दिने व्यवस्था गर्ने भएको छ । शुक्रबार अर्थ मन्त्रालयमा आयोजित राजस्व समीक्षा बैठकमा बोल्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले विक्रेतालाई पनि नगद उपहार दिने व्यवस्था गर्न निर्देशन दिएका हुन् ।

बिल लिने र दिने संस्कार विकास गरी औपचारिक अर्थतन्त्र निर्माण गर्न भन्दै सरकारले यसै आर्थिक वर्षदेखि उपभोक्तालाई बिल लिएबापत नगदमार्फत पुरस्कृत गर्दै आएको छ । सो कार्यक्रमका कारण बिल लिने संस्कार विकास भएको र राजस्व संकलनमा प्रत्यक्ष फाइदा पुगेको देखिएपछि अर्थमन्त्री डा.वाग्लेले शुक्रबार आन्तरिक राजस्व विभागलाई यस्तो निर्देशन दिएका हुन् ।

प्रोत्साहन कार्यक्रममार्फत बिल लिने संस्कार विकास भएसँगै व्यापारीहरू बिल जारी गर्न हिचकिचाएको भन्ने गुनासो आएको भन्दै उनले उनीहरूलाई पनि प्रोत्साहन गर्न जरुरी रहेको बताए ।

उनले भने, 'बिल लिनुपर्छ भन्ने त व्यापक देखियो । तर, बिल जारी गर्नुपर्छ भन्नेलाई पनि प्रोत्साहनको नीति लिन जरुरी देखियो । कार्यविधि संशोधन गरेर प्रस्ताव लिएर आउनुहोस् । कति रकम कसरि दिन सकिन्छ । जसले उहाँहरूलाई पनि बिल जारी गर्न झन्झट नहोस् ।' बिल लिनुपर्छ भन्दै गर्दा बिल दिनुपर्छ भन्ने संस्कारको विकास गर्न पनि जरुरी रहेको उनले बताए ।

१ साउनदेखि सुरु भएको करदाता प्रोत्साहन पुरस्कार कार्यक्रमअन्तर्गत बिल नम्बरका आधारमा हरेक १५-१५ दिनमा दैनिक १ जनालाई १ लाख ३४ हजार र १-१ जनालाई बम्पर उपहारमा १० लाख रुपैयाँ नगद प्रदान गरिँदै आएको छ । जसमा आकस्मिक लाभकर कट्टी हुँदा विजेताले क्रमशः दैनिक १-१ लाख र बम्परमा ७ लाख ५० हजार रुपैयाँ नगद प्राप्त गर्छन् ।

हालसम्म १ साउनदेखि १५ असोजसम्म पाक्षिक रूपमा ५ वटा उपहार घोषणा भएर विजेतालाई नगद उपहार प्रदान गरिसकिएको छ । जसमा ७४ जनाले जनही १ लाख रुपैयाँ र ५ जनाले बम्पर उपहारमा ७ लाख ५० हजार रुपैयाँ जितिसकेका छन् ।

अब विभागले बेलैमा कार्यविधिमा व्यवस्था गरेको अवस्थामा असोजको दोस्रो पाक्षिक (१६ असोजदेखि मसान्त) को पुरस्कार घोषणामा विक्रेताका लागि पनि पुरस्कार घोषणा हुनेछ । पुरस्कार प्रोत्साहन रकम उपभोक्ताको जत्तिको ठुलो नहुने स्पष्ट छ तर रकम कति हुने भन्ने यकिन भइसकेको छैन ।

प्रोत्साहन पुरस्कारमा सहभागी हुन उपभोक्ताले वस्तु खरिद गर्दा अनिवार्य रूपमा सक्कल प्यान वा भ्याट बिल लिनुपर्छ । अनलाइनबाट खरिदको रकम भुक्तानी गरेका उपभोक्ता स्वतः पुरस्कारका लागि योग्य हुन्छन् भने नगदमा कारोबार गरेर बिल लिएका उपभोक्ताले आन्तरिक राजस्व विभागको करदाता पुरस्कार पोर्टलमा दिइएको लिंक खोलेर बिल अपलोड गर्न सकिन्छ ।

## कम्पनीको दर्ता खारेज सम्बन्धि सूचना

यस कार्यालयमा मिति २०७५-०५-१९ मा दर्ता भएको डिजिटल संसार प्राइभेट लिमिटेड (प्रा.लि. नं.१९७८९२) नामक कम्पनी यस कम्पनी रजिष्ट्रार कार्यालयको २०८३-०६-२२ को निर्णय अनुसार कम्पनी ऐन को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारी का लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/६/२४

यस कम्पनीको मिति २०८१/३/१० को साधारण सभा/विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनीको नाम **मृत्युन्जय ट्राभल एण्ड टुर्स प्रा. लि.** (प्रा.लि.नं. २७०९११/०७८/०७९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०३/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **टुर्स एड्भाईजर प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

मिगलाल कोइरालाको नाति, मकरानन्द कोइरालाको छोरा, नुवाकोट जिल्ला, सामरी गा.वि.स. वडा नं. २ (हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६) बस्ने झन प्रसाद कोइराला (ना.प्र.नं. ३२९१, जि.प्र.का. नुवाकोट) ले यस बैंकको बालुवाटार शाखामा बचत/मुद्दती खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला झन प्रसाद कोइरालाको मिति २०८३/०४/२० मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती सुनिता कोइरालाले मिति २०८३/०६/१५ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, बालुवाटार

## बोल पत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२४**

श्री लालीगुराँस सा.व.उ.स, कनपा-१ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान १०७ को १०२१.३८ क्यू.फिट गोलिया साल जातको काठ र साल दाउरा ०.५० चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री लालीगुराँस सा.व.उ.स**
**कनपा-१, सिन्धुली**

## Devchuli Municipality
**Office of The Municipal Executive**
Pragatinagar, Nawalparasi (East)

### सूचना सच्याइएको सम्बन्धमा

**प्रकाशित मितिः २०८३/०६/२४**

यस कार्यालयले मिति २०८३/०६/२३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको बोलपत्र सम्बन्धी सूचनामा Estimated Amount Without Vat And With PS र S.N. 05 मा Construction Of Ring Road In Devchuli Municipality (Ward 1-17) हुनु पर्नेमा अन्यथा भएकोमा सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

## मकरी गाड हाईड्रोपावर लिमिटेड
**Makari Gad Hydropower Limited**
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३, नारायणगोपाल चोक, महाराजगञ्ज, काठमाण्डौ,
फोन नं.०१- ४७२०५३० ईमेलः makarigad@gmail.com

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/२४ गते शनिबार)**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस मकरी गाड हाईड्रोपावर लिमिटेडको मिति २०८३।०६।२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **विशेष साधारण सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८३ साल कात्तिक १३ गते शुक्रबार (तदनुसार सन २०२६ अक्टोबर ३०) ।

**समय** : साँझ ५ बजे ।

**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-३, नारायणगोपाल चोक, महाराजगञ्ज, काठमाण्डौ, नेपाल ।

२. **छलफलका विषयहरु**

१. वार्षिक साधारण सभाका लागी आ.व. २०८२/८३ को संचालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ साल आषाढ मसान्तको वासलात, आ.व. २०८२/८३ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालकको बैठक भत्ता तोक्ने सम्बन्धमा ।
५. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

*साथै, बार्षिक साधारणसभा सम्बन्धि सम्पूर्ण जानकारी कम्पनीको कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सक्नुहुनेछ ।*

## सुन्दरहरैंचा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### सूचना । सूचना ।। सूचना ।।।

यस नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०५/३१ गते प्रथम पटक गोरखापत्र तथा न्यु सृष्टी दैनिक पत्रिकामा प्रकाशित बोलपत्र अब्ह्वान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्रदाताहरुका बोलपत्रहरु मध्ये मुल्यांकन समितिको निर्णयका आधारमा तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र उच्चतम् मुल्याङकित सारभुतरुपमा प्रभावग्राही रहेको हुँदा उक्त वोलपत्र दाताको बोलपत्र स्वीकृतिकालागि सात दिनको आशयको सूचना प्रकासन गरिएको व्यहोरा सम्वन्धीत सवैमा जानकारीकालागि अनुरोध छ ।

**तपशिलः**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | उच्चतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाता | उच्चतम मुल्यांकित कबोल रकम (मु.अ.कर समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | राजश्व १५/०८३/८४ | वुढी खोलाबाट नदीजन्य/खोलाजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रि शुल्क अशुली कार्य | NP Nirman Sewa Pvt.Ltd, Sundarharaicha 4 Morang | ५,२५,४५,०००।०० अक्षरेपी पाँच करोड पच्चिस लाख पैतालिस हजार रुपैँया मात्र (मु.अ.कर समेत) | |
| २. | राजश्व १६/०८३/८४ | गछिया खोलाबाट नदीजन्य/खोलाजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रि शुल्क अशुली कार्य | NP Nirman Sewa Pvt.Ltd, Sundarharaicha 4 Morang | ८७,०१,०००।०० अक्षरेपी सतासी लाख एक हजार रुपैँया मात्र (मु.अ.कर समेत) | |
| ३ | राजश्व १७/०८३/८४ | लोहन्द्रा खोलाबाट नदीजन्य/खोलाजन्य पदार्थ उत्खनन्,संकलन तथा विक्रि शुल्क अशुली कार्य | PB Engineering Assosiats Pvt.Ltd. Belbari Morang | ३५,६९,९९९।०० अक्षरेपी पैतिस लाख उन्सत्तरी हजार रुपैँया नौसय उनान्सय मात्र (मु.अ.कर समेत) | |

## महाविर एग्रो प्रोडक्ट प्रा.लि.को विशेष साधारण सभा बस्ने बारे अत्यन्तै जरुरी सूचना

**प्रकाशित मितिः २०८३।०६।२४**

यस महाविर एग्रो प्रोडक्ट प्रा.लि.को मिति २०८३।०६।१८ को विशेष साधारण सभाबाट भएको निर्णयानुसार निम्न विषयमा छलफल गरी निर्णय गर्नका निमित्त यस कम्पनीको विशेष साधारण सभा निम्न समय, मिति, स्थानमा हुने जानकारीका लागि कम्पनी नियमावलीको नियम २३ बमोजिम यो सुचना प्रेषित गरिएको छ ।

**शेयरधनीहरुः**

श्री मुक्ति कुमार अग्रवाल, पर्सा जिल्ला, विरगंज म.न.पा., वडा नं. ७
श्री दिपती अग्रवाल, मोरंग जिल्ला, विराटनगर उप.म.न.पा., वडा नं. ९
श्री संजय कुमार अग्रवाल, मोरंग जिल्ला, रंगेली न.पा. वडा नं. १

**विशेष साधारण सभाको विवरणः**

**मिति** : २०८३।०७।०९
**समय** : दिउँसो २:०० बजे
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय

प्रस्तावः (१) सञ्चालकहरुको आचार तथा कम्पनी प्रतिको विश्वास र दायित्व **(Fiduciary duty)** अपहेलना गरेको सम्बन्धमा सञ्चालकद्वय दिपती अग्रवाल र संजय कुमार अग्रवाललाई स्पष्टिकरणका लागि ७ दिनको समय दिई मिति २०८३।०६।२३ गतेको पत्राचार मार्फत स्पष्टिकरण माग गरेकोमा निज सञ्चालकहरुबाट स्पष्टिकरण पेश भएमा वा नभएमा सो सम्बन्धी आवश्यक निर्णय गर्नुपर्ने। (२) विविध ।

**रतन लाल केडिया**
**अध्यक्ष**

## सार्वजनिक सूचना



जिल्ला गोरखा पालुङटार नगरपालिका वडा नं. 5 बस्ने भारतीय सेनाका भू.पू. सैनिक नं. 5844415 हवल्दार नेत्र बहादुर पोखरेल 2|9 जी.आर. को एकमात्र श्रीमतीको नाम थर सावित्री माया क्षेत्री र उमेर 41 वर्ष 2002 A.D. (1961 A.D.) भएको तर नेपाली नागरिकता प्रमाणपत्र नं. 664 (गोरखा) मा नामथर सावित्री देवी पोखरेल र जन्म मिति 2019-08-19 B.S. (04/12/1962 A.D.) उल्लेख भएको हुँदा दुबै नामथर र जन्म मिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

## निजगढ नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**निजगढ, बारा**
**मधेश प्रदेश, नेपाल**

### आशय सम्बन्धमा सूचना

**मितिः २०८३/०६/२४**

यस कार्यालयद्वारा मिति २०८३/०५/३१ गते निजगढ नगरपालिकाको आ.ब. २०८३/०८४ मा नदीजन्य पदार्थको बिक्री वितरण शुल्क संकलनका लागि बोलपत्र मार्फत आव्हानको सूचना प्रकाशित भएकोमा तोकिएको म्यादभित्र दर्ता हुन आएको देहायको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृतीका लागि मिति २०८३/०६/२२ को बोलपत्र मूल्याकंन समितिबाट सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| NM/RBM/01/083/84 | ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ बिक्री वितरण शुल्क आय ठेक्का | महागौरी सप्लायर्स, निजगढ-९ | रु. ११,११,९२,११४।१३ (अक्षरेपी एघार करोड एघार लाख बयानब्बे हजार एक सय चौध पैसा तेह्र मात्र) |

# लिमीको प्रवेशद्वार न्यालु ला



विष्णुप्रसाद शर्मा पराजुली

> लिमीको दक्षिण पूर्णतः हिमालय पर्वत, हिमनदी, हिमताल र बगर भएको पर्वतीय खण्ड हो । यसको पूर्व र पश्चिममा दर्जनौँ हिमनदी, हिमताल रहेका छन् । सलिमा लाबाट सहायक हिमालय पर्वतका स-साना चुचुराहरु खातका खात देखिएका थिए । त्यही देखेर हौसिँदै मुकुन्दले 'दादा हिमाल त एघार पत्रसम्म देखिएको छ त ? लौन हामीलाई हिमालले घेर्‍यो । अब के गर्ने ?' भन्दै अग्लो ढुंगामाथि उभिएर चारैतिर हेर्दै थिए ।



हुम्लाको, लुयटा ४ हजार १०० मिटरको उचाइमा रहेको दुई पहाडबीचको खौलो हो । खौलोसँगै उठेको पूर्वी पाखोबाट हामी चढेको बोलेरो उक्लन थाल्यो । मोड पुग्दैनथ्यो । चालकले फोनमा गफ गर्दै ब्याक गिएर लगाएर घुम्तीमा लैजाँदा छातीको देब्रेतिर सानो सियोले च्वास्स घोचेजस्तो हुन्थ्यो । हाम्रो समाज यति प्रगतिशील भएको छ कि सबै अति जान्ने छन्; सिक्न र सुझाव लिन आवश्यक ठान्दैनन् । सबै अति व्यस्त छन्; मानौँ हामीले चन्द्रमाको यात्रा पूरा गरेर मंगल ग्रहको यात्रामा चीन र अमेरिकासँग प्रतिस्पर्धा गर्दै छौं ।

'सवारी चलाउँदा फोनमा कुरा नगर्नुहोस्' भन्दा चालकको लामो उपदेश सुन्नुपर्छ । सार्वजनिक बसमा ज्येष्ठ नागरिक धकेलिनु पर्ने, पछारिनु पर्ने कष्ट र हेपाइबारे यहाँ केही नभनौँ । मात्र यति भनूँ कि ती आजका युवा कन्डक्टरहरू कहिल्यै बुढो हुन नपरोस् ।

घुम्ती उक्लँदै ४ हजार ६०० मिटरमा पुग्यौँ । चिसो सिरेटो आँखाको परेलाभित्र छिर्‍यो । आँखासँगै मन शीतल भयो । वरपरका ५ हजार ५०० मिटरसम्म अग्लिएका फुस्रा, घुरमैला, गेगरे, चट्टाने पर्वत, गहिरा र साँघुरा खोँच, अल्प-हरिया खर्क, स-साना उपत्यका देखिए । त्यो परिदृश्यले हुम्ला झल्काउँथ्यो । टुप्पोमा पुगेपछि पूर्वी पाखो भएर झर्‍यौँ । त्यस्तै खोँचबाट उठेर ५ हजार वरपरका फुस्रा पखेरा, सल्ला र भोजपत्रका एकाध बोट देखिए । भञ्ज्याङनजिकै थाप्लो सानो पोखरी देखियो । तालको किनारमा पितृ, मस्टो, स्थानीय देवता र कुलदेवतालाई चढाएका राता, सेता ध्वजा र बौद्ध मन्त्र लेखिएका लुङ्दारले एकैसाथ स्वागत गरे । त्यही हो, हाम्रो प्राचीन सांस्कृतिक सभ्यता जहाँ पहाड, नदी, तालतलैयाले धार्मिक र सांस्कृतिक सद्भाव राख्न सधैँ प्रेरित गरिरहे ।

भूबनोट फरक भयो । रानीसइन, सल्लीखोला, सिमकोट, लिमी, यालबाङ जतातत्तैबाट मज्जैले देखिने हलक्क हुर्केको सल्लोको रूखजस्तो अग्लो छोटेकाङ (५ हजार ५२७ मि.) पर्वतको उत्तरी मोहोडासमिपको लाग्नामा पुग्यौँ । भर्खरै भूकम्प गएर छरपस्ट भएको अवस्थाको एउटा ढुङ्ग्याने पाखो हुँदै झर्‍यौँ । समुद्र सतदेखि ३ हजार ५०० मिटरमा झरेपछि बल्ल झुले सल्लाको वन भेटियो । हुम्ला कर्णालीबाट उठेका नाङ्गा पर्वत, त्यसैको छातीमा निर्ममतापूर्वक डोजरले चिथोरेको मोटर बाटोको डोब, भिरमा टाँसिएका फुस्रा गाउँ देखिए । हामी कर्णालीको तिरमा झर्‍यौँ । झरनाकारमा झरेको हुम्ला कर्णालीको साँघुरो खोँचमा किनारका चट्टानलाई पर्खालको आधार मानेर बनाइएको काठे पुल तर्‍यौँ । कर्णाली करिडोरमा पुगेपछि मोटर-यात्राको त्रासले खुम्चिएको हाम्रो छाती राकम कर्णालीको फाँटझैँ फराकिलो भयो । सुर्खेत नै पुग्नेगरी मैलै सुइँय गरेँ । आनन्द मानेँ । मसँगै बसेका मेरा सहयात्री मित्र ज्ञानेन्द्र, मुकुन्द, हुम्ला डाडाफया मित्रहरूको आँखामा शीतलता र अनुहारमा चमक देखियो ।

धारापुरीमा खाजा खाएर हामी लिमीतिर लाग्यौँ । धारापुरीदेखि सल्लीखोलासम्मको मोटरबाटो देख्दा पत्यार नै लागेन । कारण के भने २०७० सालमा त्यहीँको भिको गोरेटो बाटो हिँडेर नारा ला (४ हजार ५०० मि.), हिल्साहुँदै कैलास परिक्रमा गर्न गएको थिएँ । च्या छहरानजिक पहरो काटेर हिँड्ने बाटो बनाएको ठाउँमा फराकिलो मोटरबाटो बनाइएको रहेछ । रमाइलो लाग्यो त्यो देख्दा । केर्मीमा गाउँ परिक्रमा गर्ने गरी मोटरबाटो लगेछन् स्थानीयले ।

हामी सल्ली खोलामा पुग्यौँ । हिल्सा जाने मूल राजमार्ग छोडेर सल्ली खोलाको मुहान पछ्याउँदै उत्तर लिमितिर चढ्यौँ । नावलथाङमा दाल, भात खायौँ । १३ वर्षपछि ल्हासा बियरको स्वाद दोहोर्‍याउने मौका जुर्‍यो । नावलथाङदेखि दक्षिण, कर्णालीको छालसम्म सल्ली खोलाका दुरी करिब १२ किलोमिटर छ । त्यो खण्डमा भोजपत्र, सल्लो, लहरेपीपल र ओखरका हरिया, पुराना ठुला रूख छन् । भोजपत्रको बाक्लो वन ३ हजार मिटरसम्म फैलिएको छ । रूख भएको पाखो पनि जर्जर छ, लाग्छ माटोको अंश अत्यन्त कम भएको ठाउँमा कसरी सल्ली वन भए होला ? त्यसभन्दा माथिल्लो भागमा कालो, लामो, अग्लो चट्टानै चट्टानको पर्वत छ ।

खान पश्चात नावलथाङभन्दा माथिल्लो खण्डको रुखो पर्वतीय भेगतिर ठडियौँ । भोजपत्र र सल्लाको वन सकिनासाथ अर्को उपत्यका सुरु हुन्छ । त्यसको पूर्व-पश्चिममा कालो चट्टान उठ्दै गएर ४ हजार मिटरसम्म उठेको छ । घुरमैलो कालो चट्टाने पर्वतको लम्बाइ भने करिब ५ किलोमिटर जति हुँदो हो । दुवैतर्फ समानान्तर रूपमा फैलिएका ती पर्वत अजंगका छन् । ती पर्वतले हिमालय पर्वत निर्माणको युगकै प्रतिनिधित्व गरेजस्तो देखिन्छ ।

उपत्यकामा चट्टानको राज छ । । कुनाकानीमा पातलो घाँस देखिन्छ । त्यस्तैमा लेकाली गोठले जीवनको संकेत गर्छन् । त्यहाँ जीवन छ । हाम्रो वंश वृक्षको लहरो यतैबाट लहरिँदै म्यानमार र कामख्यासम्म पुगेको हो भन्दा अचम्म लाग्छ ।

एकाध गोठ देखिएका छन् । कतै-कतै त्यस्तै पहरोको चेपबाट सेता झरना झरेका छन् । चट्टान र उपत्यकाको भूबनोट देख्दा, कैलाश परिक्रमा गर्दा यमद्वारदेखि देरापुग जाँदाको जस्तो भौगोलिक परिवेशको सम्झना भयो मलाई । कैलाश परिक्रमा गर्दा देखिने उपत्यका सल्ली माथिको उपत्यका भन्दा फराकिलो र लामो छ ।

हाम्रो मोटरको मालिक पेमाथोङडोलका अनुसार ३० वर्ष पहिलेसम्म तिब्बतबाट नुन, झी, पत्थर र हाडका गहना लिएर यहाँसम्म व्यापारी आउँथे । हुम्ला, बाजुराका व्यापारी चामल, पिठो, खुर्सानी लिएर आउँथे । उनीहरूले त्यस बेला यही उपत्यकामा सटही व्यापार गर्दथे । नेपालको हिमाली क्षेत्रमा सटही व्यापारको चलन सन् १९७० सम्म व्यापक नै थियो । चीनले कृषि, पशुपालन, उद्योगमा व्यवसायीकरण गर्‍यो । औद्योगिक क्रान्ति सम्पन्न गर्‍यो । तिब्बतका गाउँ पनि सन् २००५ देखि सम्पन्नताको सिँढी उक्लँदै कैलाश चुमे । जीवनस्तरको कुरा दाँज्ने हो भने नेपालको जीवनस्तर अग्लो पहाडबाट भेडा छिट्छिटो गतिमा ओरालो झरेझैँ झर्दै छ ।

प्राचीन व्यापारिक उपत्यकापछि हामी पर्वतको शिरतिर लाग्यौँ । डोजरले चट्टाने पहाड फुटाएर ढुंगा असरल्ल छोडेको ट्र्याक थियो त्यो । 'बोलेरोबाहेक अन्य मोटर यो बाटो चढ्दैनन्' संखुवासभाबाट हुम्ला आएका चालक भाइ लोकबहादुरले भनेका थिए । अगाडि बसेका मुकुन्दका आँखाले नाउरको जोडी खोज्दै थिए । हामी ४ हजार ६०० मिटरमा रहेको सलिमा ला (लाग्ना) मा पुग्यौँ । सलिमा लाग्नाको उत्तरी छातीमा सुन्दर नयनाकारमा सलिमा च्चो/च्छो (दह) रहेको छ । गुर्लामन्दता पर्वतले मानसरोवरलाई संरक्षण गरे झैँ पञ्चमुखी हिमालले सुरक्षा गरेको पवित्र सलिमामा स्नान गर्न शिव र पार्वती आउने गर्छन् भन्ने किम्बदन्ती छ ।

लिमीको दक्षिण पूर्णतः हिमालय पर्वत, हिमनदी, हिमताल र बगर भएको पर्वतीय खण्ड हो । यसको पूर्व र पश्चिममा दर्जनौँ हिमनदी, हिमताल रहेका छन् । सलिमा लाबाट सहायक हिमालय पर्वतका स-साना चुचुराहरू खातका खात देखिएका थिए । त्यही देखेर हौसिँदै मुकुन्दले 'दादा हिमाल त एघार पत्रसम्म देखिएको छ त ? लौन हामीलाई हिमालले घेर्‍यो । अब के गर्ने ?' भन्दै अग्लो ढुंगामाथि उभिएर चारैतिर हेर्दै थिए ।

'हामी कहाँ नजिक छौँ त ? नेपालको साइपाल र तिब्बतको गुर्लामन्दता हिमालबीचमा हामी उभिएका छौँ । अनि हिमालले नघेरेर हामीलाई समुद्री टापुले घेर्छ त ?' मैले फुर्ती गर्दै जबाफ दिएको थिएँ ।

लाग्यो, हामीलाई मात्र कहाँ हो र ? वेदव्यास, कालीदासदेखि आजसम्म हिमालले सिर्जनाको प्रेरणा दिए, बाँच्नका लागि पानी दिए, सभ्यताको लागि नदी दिए, जीवजन्तु, वनस्पति, मानवका लागि बास दिए । आज हिन्दुकुश, काराकोरम, हिमालयको आश्रयमा साढे दुई अर्बभन्दा बढी मानिस आश्रित छन् । विश्व तापमान वृद्धिको कारण जलवायुमा आएको परिवर्तनले करोड वर्ष पुराना हिमचट्टान फुटे, फुट्दै छन् । त्यसको असर सबैभन्दा बढी नेपालले लिमीको तिल, थामे, मेलम्ची, ल्हेन्दे-भोटेकोसीको प्रलयकारी बाढीबाट भोगेको छ । अन्तिम उपाय, अब विश्वले विश्व तापमान घटाउन नै बल गर्नुपर्छ ।

वास्तवमा त्यस क्षेत्रमा ६ हजार मिटर र सोभन्दा कम उचाइ भएका दर्जनौँ शिखरहरू छन् । स्थानीय गोठालो, व्यापारी, यात्रीले राखेका ती पर्वतको नाम त होला तर ती नाम लिपिबद्ध गरिएको छैन । कति पर्वतको न्वारन त गोठालोले पनि गरेका छैनन् । सलिमाको पूर्वतर्फ सिमकोटबाट नजिकै देखिने पञ्चमुखी हिमाल र त्यससँगैको शृंखला अँगालो हालुँ कि जस्तो लाग्नेगरी नजिकै पूर्वमा थिए । भञ्ज्याङको पश्चिमी काँध पनि ६ हजार मिटरका चुचुराहरूको अँगालोमा कसिएको थियो । २०८३, असार महिना भनेर के गर्नु ! सलिमा लाको चिसो धेरैबेर खप्न सकेनौँ ।

हामी सलिमा लाग्नाबाट ओरालो झर्‍यौँ । गहिरो खोँच, काप र उत्तरी पाखोमा ५-६ फिट अग्लो बरफको खात थियो । कतै बरफ पग्लेर बाटोमा भल बगेको देखिन्थ्यो । नयाँ उपत्यकामा प्रवेश गरियो । पर्वत फुस्रा छन् तर माथिल्लो डोल्पाको जस्तो बलौटे होइनन् । सल्लीको उपल्लो उपत्यकाभन्दा यो मलिलो देखियो । भुइँमा चम्किलो रातो रङमा फुलेका लालीगुराँस परिवार र सुनपातका फूल देखिए । त्यस प्रजातिको फूल अन्यत्र सेतो र पहेँलो रङमा देखेका थियौँ । त्यहाँ अपत्यारिलो लाग्ने गरी गेग्रयायने भुइँलाई रातै पारेर फुलेका थिए ।

त्यो उपत्यकापछि भने हामी अर्को पहाड प्रवेश गर्‍यौँ । त्यो पहाडको शिर नै लिमी उपत्यका प्रवेशको सबैभन्दा अग्लो भञ्ज्याङ तथा प्रवेशद्वार हो । त्यो न्यालु ला हो र त्यसको उचाइ ५ हजार १० मिटर रहेको छ । त्यससँगै गाँसिएको न्यालु पर्वत ५ हजार १०० मिटरसम्म उठेको छ । लको वरपर ५ हजार ५०० देखि ६ हजार मिटरसम्म उचाइ भएका पर्वत, पर्वतको काखमा हिमनदी र हिमनदीको फेदमा हिमताल रहेका छन् । यसलाई हिमनदी र हिमताल तथा तुन्द्रा हावापानीमा हुने वनस्पति र जीवजन्तुको बाहुल्य भएको क्षेत्र भन्न सकिन्छ ।

न्यालु लामा यात्रीले चढाएका कपडा, याक, चौरी र भेडाका सिङ, ढुंगाको थुप्रो (ल्हात्से) थियो । लुङदार र खादा हावासँगै नाचिरहेका थिए । प्रकृतिपूजा तथा बोन प्रथामा मानव र प्रकृतिमा सहजता होस्, वंश वृद्धि होस्, भूतप्रेत आफ्नो बासमा बसून्, प्रकृति स्थिर रहोस्, यात्री सुरक्षित रहून् भन्ने कामनाका साथ ती वस्तु चढाइएका हुन् । प्राचीनकालमा प्रकृतिलाई ऋतुबमोजिम घुमिरहन मानिसले पशु बलि दिन्थे । पछि त्यो चलन हट्यो । आज त्यसैको निरन्तरतास्वरूप मृत पशुको सिङ चढाउने गरिन्छ ।

यो न्यालु ला कात्तिकदेखि चैतसम्म बन्द हुन्छ । बाक्लो हिउँ र चिसो हावा चल्ने हुँदा मानिस ओहोरदोहोर गर्दैनन् । न्यालु यो क्षेत्रकै प्रख्यात नाका हो । त्यो नाकापश्चात् ४ हजार ३०० मिटरको उचाइमा फैलिएको उत्तरी भेग छेक्ने पहाड पातलिए । अग्लो र ठाडो चट्टाने पर्वतको स्थान अब फराकिला उपत्यका, मन्द गतिमा बगेका नदी, भिरालो पाखोमा विश्राम गरेका विभिन्न आकारका हिमनदी, हिमनदीको कम्मरदेखि बिस्तारै अग्लिँदै उचालिएका पर्वतले लिए । भुइँमा टाँसिएका फूल, पातलो झार र घाँसबाहेक रोलवालिङ, खुम्बुमा जस्तो होचो काँडे बुट्यान पनि त्यहाँ देखिँदैन । यो पूर्णतः गेगर, बालुवा, गिट्टी, ढुंगासहितको कैलाशवरपरको जस्तो पठार हो ।

मैले एक ठाउँमा माथि उल्लेख पनि गरेको छु कि भौगर्भिक र भौगोलिक रूपमा यो क्षेत्र तिब्बती पठार निर्माणको क्रममा बनेको भूभाग हो जुन दक्षिण घुसेको छ । त्यस्तै भूभाग मुस्ताङ, डोल्पा, लद्दाखमा छ । भूगर्भविद् टोनी हेगनले यस क्षेत्रका हिमालयलाई तिब्बती हिमालय र अन्य केहीले सहायक हिमालय भनेका छन् । धवलागिरि, अन्नपूर्ण, अपी, साइपाल, खुम्बु आदि विशाल (Great) हिमालय शृंखलामा पर्छन् ।

हामी मानसरोवरको दक्षिण, नेपालमा रहेको नालाकंकर र चण्डी हिमाल शृंखलाको काखमा पुगेका छौँ । यहाँको हावापानी, उचाइ, वनस्पति, जंगली जनावर आर्कटिकसँग मिल्दोजुल्दो हुन्छ । यहाँ बसोबास गर्ने आदिवासी जातिको रहनसहन परम्परा, भाषा, संस्कृति प्राचीन खस र तिब्बती बासिन्दासँग मिल्दोजुल्दो हुन्छ । ५० वर्षपहिलेसम्म लिमी, ताक्लाकोट, मानसरोवरका बासिन्दाबीच पारिवारिक सम्बन्ध, आर्थिक कारोबार, पशुपालन र चरन दोहोरो हुन्थ्यो । आजकल बाजुरा, बझाङ, हुम्लाका बासिन्दा व्यापार र रोजगारीका लागि ताक्लाकोट, दारचेन पुगे पनि बिहेबारीचाहिँ बन्द भएको छ ।

मोटरको यात्रा भएकोले हामीले छोटो समयमा धेरै उपत्यका, ला, पर्वत, खोला नाघ्यौँ । तलुन उपत्यकामा प्रवेश गर्‍यौँ । तलुन उपत्यकालाई आधार बनाएर बगेको तलुन खोलो १० किमि उत्तरबाहिनी भएर बगेको छ । तलुन त्रिवेणीमा मिसिनुभन्दा पहिले तलुन खोलोले एक ठाउँमा सुन्दर तालको रूप लिएको छ । लिमी उपत्यकाको तलुन (४ हजार ३८० मि.) त्रिवेणीमा पुग्दा त्यहाँ उत्तरबाट आएको टाक्चे, दक्षिणबाट आएको तलुन र पूर्वबाट आएको नदी भेट भएपछि तलुन त्रिवेणी बन्छ । पूर्वबाट आएको नदी फराकिलो र लामो छ । त्यसपछि यो खोलाले आफ्नो यात्रा दक्षिण-पश्चिम हुँदै जाङ गाउँतिर मोड्छ । खोलालाई जाङवरपर टाक्छे भनिन्छ । हल्जी गाउँपछि यो लिमी खोलाको नाममा बग्दै हुम्ला कर्णालीमा मिसिन्छ ।

तलुन त्रिवेणीमा दुई दर्जन स्नान गृह बनाउन मिल्ने तातोपानीका कुण्डहरू रहेछन् । माथिल्लो डोल्पाको रोक्योमा झैँ नुनका ताल र नुनकै पहाड पनि बग्रेल्दै रहेछन् । गिटी र माटोमा बरफ जमेझैँ, त्यहाँ नुन जमेको थियो । नुन जिब्रो छेडिने जस्तो पर्पर्‍याउँदो चर्को थियो । कुनै-कुनै तातोपानी कुण्डबाट सतलजको किनारमा रहेको तिब्बतको तीर्थपुरीका कुण्डमा झैँ धुँवाजस्तै वाफ उडिरहेको थियो । दुई कुण्डमा स्थान गृह बनाइएको रहेछ । स्नान गर्ने रहरकासाथ गयौँ । हेर्‍यौँ । अति फोहोर भएकाले आँट गरेनौँ ।

झट्ट हेर्दा लाग्यो, त्यो खण्डमा २५-२६ वटासम्म बाथ टब राखेर सफा र व्यवस्थित स्नान गृह बनाउन सकिँदोरहेछ । त्यसो गर्नसकेमा स्थानीय बासिन्दा, पशुपालक, किसान, मानसरोवर र कैलाश हेर्न आउने भारतीय र नेपाली पर्यटक, तीर्थयात्रीले उच्च स्थानमा रहेको प्राकृतिक औषधियुक्त तातोपानीमा डुबुल्की मारेर स्वास्थ्य लाभ लिन सक्ने थिए । त्यसबाट जाङ र हल्जीका स्थानीयले आर्थिक लाभ आर्जन गर्न सक्छन् । तलुन त्रिवेणीबाट सिमकोट, हिल्सा र लाप्चा जाने बाटो छुट्टिन्छ । हामी हिल्सा जाने बाटो पछ्याउँदै लिमीको जाङ गाउँतिर झर्‍यौँ ।


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**कर्णाली प्राविधिक शिक्षालय**

**चन्दननाथ - ३, जुम्ला**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८३।०६।२४)**

यस शिक्षालयबाट मिति २०८३/०६/१७ गते सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सुरक्षा सेवा आपूर्ति सम्बन्धी सूचना बमोजिम निर्धारित म्यादभित्र यस कार्यालयमा दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये देहायको प्रस्ताव न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सिलबन्दी दरभाउपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको प्रस्तावदाताको नाम, ठेगाना | कबोल रकम रु. (मू.अ कर सहित) |
|---|---|---|---|
| १ | KTS-SECURITY -2083/84-1 | BOWLES SECURITY SERVICES PVT. LTD Mahalaxmi -1, Lalitpur | 14,66,868.8923 |

**शिक्षालय प्रमुख**



**ग्रामथान गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**तेतरिया, मोरङ्ग**

**कोशी प्रदेश, नेपाल**

**गिटी र बालुवा उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको मुद्रित (Hard Copy) रूपमा सिलबन्दी बोलपत्र ठेक्का बन्दोबस्ती सम्बन्धी २१ दिने सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८३।०६।२४)**

स्थानिय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम ग्रामथान गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक गिटी र वालुवाको उत्खनन् संकलन तथा विक्री शुल्क अशुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर तथा आ.ब. २०८१।०८२ सम्मको कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र, २०८२/८३ को कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र वा म्याद थप कागजात पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल शर्तको अधिनमा रही मुद्रित (Hard Copy) रूपमा सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | G.R/NCB/Inter-nal/083-084-11 | लोहान्द्रा खोलाको गिटीर वालुवा उत्खनन् संकलन तथा बिक्री कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको IEE मा तोकिएका नाकाहरु | (बालुवा/गिट्टी-१२०११४५.७८) (भरौट-६९११८.३३) | १२२८८२५१.१२ | ३०००।- | कवोल अंक (भ्याट सहित) को ०५% |

नदीजन्य पदार्थ (ढुङ्गा, गिटी/मिक्स गिटी/बालुवा आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.१०।००, भरौट को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.४।००

For More Details (तपशिल शर्त): https://gramthanmun.gov.np/


**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोनः ०१४५२०१९५ । पो.बनं.: १०३७८, इमेलः info@souryadaily.com । **मुद्रण**ः एक्सप्रेस कलर प्रेस, बुद्धनगर